# बुद्ध र उहाँको सन्देश

(भिक्षु सुदर्शन द्वारा लिखित)

सम्पादक

**शुभरत्न शाक्य**

ज्याबहाल, दलाछी

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# बुद्ध र उहाँको सन्देश

(भिक्षु सुदर्शनद्वारा लिखित)

सम्पादक :

**शुभरत्न शाक्य**

ज्याबहाल, दलाछी

Downloaded from http://dhamma.digital

प्रकाशक :
शुभरत्न शाक्य
ज्याबहाल, दलाछि
काठमाडौं, नेपाल ।

प्रथम संस्करण : ५०० प्रति

बिक्रम सम्बत् : २०४०
बुद्ध सम्बत् : २५२७
नेपाल सम्बत् : ११०३
ईसवी सम्बत् : १९८३

मूल्य ८/-

मुद्रक :
शाक्य प्रेस
ओम्बहाल, जोरगणेश स्थान
काठमाडौं, फोन : १३६०४

Downloaded from http://dhamma.digital

# भूमिका

भिक्षु सुदर्शनद्वारा लिखित विभिन्न पत्र-पत्रिकामा प्रकाशित बुद्ध र बुद्ध-धर्म सम्बन्धी रचनाहरूको संकलन नै प्रस्तुत "बुद्ध र उहाँको सन्देश" नामक पुस्तक हो।

भिक्षु सुदर्शनद्वारा लिखित बुद्ध र बुद्ध-धर्म सम्बन्धी छरिएका रचनाहरू एउटै गाताभित्र गाभिएर सम्पादन गर्न पाउँदा मलाई खुसिलागेको छ। आशा छ, पाठक वर्गलाई बुद्ध र बुद्ध धर्म सम्बन्धी ज्ञान हासिल गर्न यो पुस्तक उपयोगी हुनेछ। वास्तवमा यसैमा सम्पादनको कार्य सफलता पनि निहित छ।

अन्त्यमा यस पुस्तकको मूल लेखक भिक्षु सुदर्शन प्रति म कृतज्ञ छु। पुस्तक सम्पादनको कार्यमा यो मेरो प्रथम प्रयास भएकोले हुन गएका त्रुटिका लागि क्षमा याचना गर्दछु। अस्तु।

काठमाडौं

२४ आषाढ २०४०

—शुभरत्न शाक्य

Downloaded from http://dhamma.digital

# सूची–पत्र


| विषय | पृष्ठ संख्या |
|---|---|
| भूमिका | क |
| संस्कृति : एक अध्ययन | १ |
| धर्म र जीवन | ८ |
| बौद्ध संस्कृतिको एक चारित्रिक अंग––दान | ११ |
| मैत्री | १७ |
| भगवान बुद्धको पवित्र अस्थिधातु | २२ |
| कपिलवस्तु र देवदहमा बुद्ध, धर्म र संघ | २९ |
| रामग्राम स्तूप | ३९ |
| एस धम्मो सनन्तनो | ४६ |
| भगवान बुद्ध र उहाँको सन्देश | ५२ |
| ग्रन्थ–सन्दर्भ | ८५ |


Downloaded from http://dhamma.digital

# संस्कृति : एक अध्ययन

संसारमा प्रायः प्रयोग गरिने तर परिभाषा दिनु पर्दा घेरैंजसोलाई अलमल्याउने दुई चार शब्दहरू छन् । ती शब्दहरूमध्ये एक शब्द हो– संस्कृति ।

संस्कृति शब्दको तात्पर्य त्यति संकीर्ण छैन जति कि धेरै जसो मानिसको मनमा रहेका अर्थबोध अथवा भावबोध संकीर्ण छन् जसलाई आज भोलि प्रदर्शन– गृहहरू अथवा अन्य कुनै संघ, संस्थाबाट विशेष अवसरमा प्रस्तुत गरिने नाच-गानको सांस्कृतिक कार्यक्रमको निमन्त्रणा–पत्र, पास र टिकटहरूमा छापिने गरेका हुन्छन् । संस्कृति शब्दको सार त्यसरी सीमित छैन, जसरी ती प्राचीनताका सिङ्गको सिङ्ग पुच्छरको पुच्छरै अनुकरणाकांक्षी र पुनरुत्थानवादीहरूको धारणा विशेषमा सीमित सार छ, जसलाई श्राद्धको पिण्ड गोलाकार निर्माण–विधिको विशेष ज्ञानमा गर्व हुन्छ, सुकुन्दामा जमेको मैलोमा नागफणको गुह्यार्थ व्याख्यानको क्षमतामा अभिमान हुन्छ ।

संस्कृति शब्दको अर्थ त्यति मात्र पनि रहन्दैन, जस्ति कि विगत कालका कला, साहित्य र इतिहास आदिका

Downloaded from http://dhamma.digital

समीक्षकहरू परिबेश गर्न चाहन्छन् ।

संस्कृतिको अर्थ साधारण दृष्टिकोणमा मानिसको त्यो आस्था, धारणा, रुचि र क्रिया बिशेष पनि हो जुन वंश, जाति वा देश परम्परागत क्रममा आवद्ध भई स्थानीय एवं सामयिक उपयोगिताको अपेक्षामा प्रभावित भइकन उस-कहांसम्म आइपुगेको छ, जसद्वारा उसको आफ्नो युगलाई गतिप्रदान गरिरहेको हुन्छ, जन-जीवनमा सहज-सरसता दिइरहेको हुन्छ । अनि मात्र प्राचीन वंशको परम्परागत बिचार-धाराको वा रीतिस्थितिको अनुकरण रूपमा संस्कृति मानेको सिद्ध हुन्छ । संस्कृतिले मानिसलाई जहाँ प्रश्रय दिन्छ त्यहीं पछाडिबाट उसलाई तगारो हाल्छ त्यसमाथि छल गरी प्रहार समेत गर्छ । वस्तुतः आज संस्कृतिको यही अशुद्धियुक्त अर्थबोध र त्रुटिपूर्ण अनुकरणात्मक दुराग्रह हाम्रो समाजमा छ ।

संस्कृतिको काम जुनसुकै प्राचीनताको यथातथ्य बाह्य स्वरूप, व्यवधान पद्धतिविशेषको संरक्षण गर्ने आस्था, धारणा, रुचि एवं प्रयत्न विशेष मात्र होइन । संस्कृतिको अर्थ संसारको प्रगति-निमित्त सभ्यताको विकास संगसंगै आन्तरिक आस्था, धारणा र रुचिविशेषलाई सामञ्जस्यपूर्ण तरिकाद्वारा प्रश्रय दिनु पनि हो । अथवा जसद्वारा यसरी हुन्छ, त्यसैलाई संस्कृति भनिन्छ । संस्कृतिसंग जीवनको सम्बन्ध संग्रहालयस्थित निर्जीव प्राणी वा विना तेजको पुरातात्त्विक दियोसंग जस्तै मात्र होइन अपितु जीवित प्राणीसंग वा प्रकाशयुक्त दियोसंग पनि हुन्छ । निर्जीव संस्कृति चाहे त्यो मोहक र आकर्षक व्याख्याको विषय

Downloaded from http://dhamma.digital

किन नहोस् परन्तु त्यो बहुसंख्यक जनताको जीवनको निमित्त महान भयंकर मायाजाल हो । यस्ता संस्कृति नामधारी मायाजाल सतीप्रथा, बहु-विवाह, बाल-बिवाह, असमान-विवाह, जातिभेद जस्तालाई आज हाम्रो नेपाली कानूनले प्रहार गरेको छ । अब भावात्मक प्रहार वा परिवर्तनार्थ प्रयत्न हामीले गर्नु परेको छ र यस्ता अन्य मायाजालमय संस्कृतिको प्रकोष्ठभित्र लुकिरहेका मायाजाललाई हामीले केलाउनु परेको छ ।

यसर्थ आफूलाई ज्ञान भएको नेवारजातीय सांस्कृतिक रीतिस्थितिका उदाहरणसंगै यस बारेमा केही विचार गरिन्छ । "ह्मपूजा" को साधारण शब्दार्थ हो, "आङ पूजा" । नेपालमा यसलाई एउटा विशेष सांस्कृतिक चाड मानिआएको छ । कथित रूपमा साल्वाः भन्ने एक व्यक्तिले सम्पूर्ण देशवासीहरूलाई ऋणबाट मुक्त गराई नयां सम्बत् चलाएको उन्मुक्त आल्हाद-पूर्ण संस्मृतिमा आजसम्म नेपालमा "ह्मपूजा" गर्दै आएका छन् । तर त्यही सांस्कृतिक चाड मनाउनलाई आज कसैले ऋणको बोझ थाप्लोमा बोकिकन गरेको खण्डमा त्यस्ता संस्कृतिको अनुशरणलाई केटाकेटीहरूले 'शब्द शुद्ध गरेर लेख' भन्ने निर्देशनलाई "सब्द सुध गरेर लेख" गरेर सारेको जस्तो हुन्छ भन्न करै लाग्छ ।

कृतज्ञ स्वभाव मानव-संस्कृतिको सुवास हो । हामी आमाबाबुलाई परमपूज्य मान्ने जाति मध्येका हौं । तिनीहरू प्रति हामो आफूलाई अनन्त ऋणी मान्छौं । यसै पृष्ठभूमिमा आमाबाबुको मुख हेर्ने "मातृ-औंसि र पितृ-औंसी" बन्यो ।

Downloaded from http://dhamma.digital

अनि यसैसंग स्नान शुद्धि बिचार धारा र तिर्थपुग्ने भक्ति-भावले सामञ्जस्य स्थापना गरियो होला । अब यस संस्कृति अनुकरणको नाममा मातातीर्थ स्नान र गोकर्णस्नान त गरियो तर आफ्ना जीवितावस्थामा रहेका आमाबाबु प्रति कर्तव्य पालन गरिएन भने संस्कृतिको अपेक्षा गरेको कसरी सिद्ध हुन्छ ? सुवास र सौन्दर्यको कारणबाट ग्राह्य फूललाई सुकाएर मकाएर, गन्धाएर फूललाई टुक्राटुक्रा गरिकन पोकापारिराख्नु नि:सन्देह फूल प्रति न्याययुक्त काम होइन ।

अर्को कुरा, संसारका प्राय: सबै जातिमा अनेक विधि-द्वारा मृत व्यक्तिको सुख–शान्तिको क्रियाकर्म गरिन्छ । नेवारहरू शवयात्रामा मृत व्यक्तिको शवमाथि रातो अथवा पहेंलो एक रंगीन वस्त्रको प्रयोग गर्दछन्, जसलाई नेवारहरू 'देवं' भन्दछन् । त्यस्तै मृत्युको समाचार पाउने बित्तिकै मृत व्यक्तिका विवाहित भइसकेकी छोरी– बेटीहरू र उनका अन्य नजिकका बन्धु बान्धवद्वारा सेतो एक कपडा राख्न पुऱ्याइन्छ जसलाई 'फांगा' (सुत्नेबेलामा ओढ्ने) भनिन्छ । 'फांगा' मृत व्यक्तिले पाउने विश्वासका साथ उसँगै श्मशान लगिन्छ र त्यहां फालिदिन्छ । प्राचीन कालमा यस्तो कपडा योगी वा ध्यानीहरूबाट प्रयोग हुन्थ्यो । अनि उसलाई पुण्य प्राप्त हुन्छ भन्ने विश्वास गर्दथ्यो । काव्यात्मक बुद्धजीवनी 'ललित-विस्तर' मा बुद्धद्वारा तपस्या पछि आफूसंग वस्त्र नहुंदा यस्तै वस्त्र ग्रहण गर्नुभएको वर्णन पाइन्छ । तर आज "देवं" न त श्मशानमा फालिन्छ, न त 'फांगा' ग्राह्यावस्थाका कपडा नै रहेकोछ,

Downloaded from http://dhamma.digital

न त त्यसरी ग्रहण गर्ने योगीहरूमा अब चलन नै छ । तापनि त्यस्ता आस्था एवं विश्वासका परम्पराहरू यथावत चालु नै छन् । यस प्रकारको सांस्कृतिक प्रवाहको वहन हाम्रा विचारमा एक प्राचीन भावना विशेषको संरक्षणार्थ अर्थयुक्त जस्तो लागेता पनि हामीद्वारा सधैं काखमा च्यापी राख्न नहुने वा नसक्ने व्यवस्था विशेष हो । यसको माया मृत बच्चाप्रति बाँदरनीको माया समान हो ।

मानव–संस्कृतिको अर्को लक्ष्य हुन्छ दीन, दुःखी र असहायहरूमा सहानुभूतिपूर्ण सहयोग पुऱ्याउने । नेवारजातिले आफ्नो संस्कृतिमा यसलाई पनि समावेश गरेको छ । जोसुकै मरे पनि मर्ने बित्तिकै मुर्दा उठाउन सबै प्रकारका प्रवन्धहरू संगठित संस्थाद्वारा गरिन्छ जुन संगठनलाई "सनागू" भनिन्छ । यसले गर्दा मृत व्यक्तिको परिवार आफैले शवयात्रा र संस्कार सम्बन्धी सबै काम सघाउनु पर्दैन । विवाहित भइ सकेकी छोरी, ज्वाई र अन्य आफना सम्बन्धी पक्षवाट पनि सहानुभूति प्रकट गर्न मृत व्यक्तिको परिवारमा आउने एक अर्को संगठित संस्थालाई "बिचागू" (विचार गर्न आउने गुठी) भनिन्छ । यसलाई प्राचीन प्रकारको शोकसभा मानेको खण्डमा अत्युक्ति हुने छैन । अनि विवाहित भइसकेकी छोरी र आफ्ना आफन्तका मानिसहरू मृत व्यक्तिको शोकमा दुःखित रहेका परिवारकहाँ मृत्यु भएको चौथो दिन खानेकुरो लिई रुँदै आउने गरिन्छ । यसरी पारिवारिक व्यक्तिको मृत्युले दुःखमा काम गर्न नसकी अथवा काम गर्ने मन नभई किंवा खानेकुरो नै

Downloaded from http://dhamma.digital

भई वा नभई बस्नेहरूलाई खुवाउन जाने वा आउने व्यवस्था निसन्देह एक राम्रा सांस्कृतिक कार्य हो भन्नु पर्दछ । परन्तु आज यसै व्यवहारमा धनीकहाँ भए अनुपातिक रूपमा बढ्ता खानेकुरो लिएर जाने र गरीबकहाँ भए यसको ठीक विपरीत व्यवहार गर्ने भए एकातिर सांस्कृतिक परम्परामा आर्थिक कारोबार चलाउनु र अर्कोतिर सांस्कृतिक मूलभूत मांगको तिरष्कार गर्नु हो । अझ गरीबमाथि इज्जतको प्रश्नद्वारा लादिएको जीवन व्यवस्था प्रति निरर्थक सांस्कृतिक भार हो ।

नेवारहरू मृत प्राणीको अग्नि संस्कार गर्दछन् । अनि आफ्ना शवयात्रा कालको विरहमा समेत कलात्मक अभिव्यञ्जन नछुट्याउने जातिमा अग्निसंस्कार विधि वा प्रबन्धमा राम्रो संगठनात्मक प्रबन्ध हुनु स्वाभाविकै छ । आगोको दुर्लभावस्थामा अर्थात् दियासलाई आदि साधनको अस्तित्व पूर्वको त्यस "अग्निमथ" (कहिल्यै आगो ननिभ्ने गरी) राख्ने जमानामा घरैदेखि हांडीमा गुईंठा बालिकन लैजानु बुद्धिमत्तापूर्ण संस्कारित काम हो । परन्तु परिवर्तित र विकसित संसारको गतिद्वारा हाम्रा आफ्ना शहरको घरमा अब हांडीको प्रयोग गर्ने प्रचलन समाप्त प्रायः भइसकेको छ र हामीले सजिलै संग विश्वस्त तरिकाद्वारा आगो पाउन सक्ने साधनहरू पाइसकेको अवस्थामा पनि हांडी र गुईंठा नभई मुर्दा नै नउठाइकन बस्नु निःसन्देह प्राचीनताको बाह्य अनुकरण गर्नु तथा अभिप्राययुक्त बुद्धिमताको उल्लंघन गर्नु ठहरिन्छ । हामी अग्नि संस्कार गर्न चाहन्छौं । दाह क्रियाका वैज्ञानिक यन्त्रहरू

Downloaded from http://dhamma.digital

समेत उपलब्ध भइसकेपछि पनि यदि परालको भारी, हांडी गुइंठा बिना शवयात्रा गर्न हुदैन भनी बसिरहन्छौं भने त्यो संस्कृतिको सदुपयोग हो भन्न सक्दैनौं । बरु पूर्णत: दुरुपयोग गर्नुमात्र हो । मृत संस्कृतिको जीवित सजगता माथि नराम्रो आधिपत्य हो ।

वस्तुत: संस्कृतिको अर्थ वंश, जाति वा देश-परम्परा-बाट पाएको वा हामीमा भएको आस्था विशेष, धारणा विशेष, रुचि विशेष र कार्य पद्धति विशेष भएता पनि संस्कृतिको मूल अभिप्राय अर्थ पनि यही हुन्छ । ती आस्था, धारणा, रुचि एवं क्रियापद्धति विशेष जसले हाम्रो जनजीवनलाई सरल, सुखद एवं गतिशील बनाइदिन्छन्, यस्ता सांस्कृतिक महत्तालाई हामीले आज बुझ्नु परेको छ । अन्यथा संस्कृति हाम्रो प्रगति-पथको निमित्त महान बाधा भइदिनेछ, संस्कृतिको अनुकरणद्वारा हाम्रो जीवन कल्याणमय बन्नुको ठाउँमा ठूलो अकल्याणमय बन्नेछ अझ भनूँ भने विज्ञानको संगै सांस्कृतिक विकास गर्न नसकेर स्वयं हाम्रा सांस्कृतिक सभ्यताले हामीलाई आशीर्वाद दिनुको बदला अभिशाप दिनेछ ।

[“अर्पण” ४।८ मा प्रकाशित : बु. सं. २५०२]

Downloaded from http://dhamma.digital

# धर्म र जीवन

धर्मको मूल अर्थ धारण र पालन गर्नु हो । असल गुणहरू आफूले स्वीकार्नु र त्यसको रक्षा आफुद्वारा हुनु नै मानिसबाट धर्म गरिनु हो । त्यसकारण धर्म जीवनमा आधारित छ, जीवन धर्ममा आश्रित छ । जीवनलाई संतुलित र गतिशील बनाउन सक्ने, पछि गएर पछुटो गर्नु नपर्ने सुख दिने माध्यम हुनु पर्छ, धर्म ! होइन भने हामीमा धर्मको अवमूल्यन भएको जस्तो भ्रम ल्याउनेछ ।

भगवान बुद्धले भन्नु भएको छ, आफुले गरेको असल वा खराब कुराको फल आफैंले पाउनेछ । यसै सिद्धान्त अनुसार बुद्ध–धर्ममा पापमोचनको कुनै विधि नभएको हो । जब आफुले गरेका खराब कामको दु:ख भोग्नु नपर्ने कुनै विधि रहनेछ, तब मानिसहरू खराब काम गर्दै जाने र पापमोचन पनि गर्दै जाने बाटो तिर नै स्वभावत: लाग्ने छन्, न कि खराब काम गर्नुबाट विमुख हुने बाटो तिर । यस अवस्थामा धर्मले मानिसलाई चाहिए जति चरित्रवान बनाउन सक्ने छैन र स्वयं धर्मबाट मानव समाजमा नैतिकताको अवमूल्यन हुन जाने स्थितिलाई रोक्न सक्ने छैन ।

Downloaded from http://dhamma.digital

धर्ममा रहेको धर्मको गुणात्मक फलबाट जहाँ मानिसलाई धर्मशील बनाएको हुन्छ, त्यहीं धर्म वा अधर्म जीवनको प्रत्येक क्रियाकलाप संग गांसिएकोछ भन्ने भावनाबाट पनि टाढा नराखिएको होइन। एक मुठी दानको फल शय मुठी हुनाले उन्नानशय मुठीमा धर्मसंग सम्बन्ध रहेन। वास्तवमा धर्म प्रत्येक मुठीमा रहिरहन्छ। बुद्धले एक दिन शील पालन गरेर चार दिन नगर्ने उपदेश दिनु भएको छैन।

धर्मको जीवनसंग अभिन्न सम्बन्ध छ भन्ने भावनाको विकासका लागि धर्मका लागि आवश्यक अर्थ भार भएका विधिविधानबाट धर्मलाई अलग्याउनु पर्दछ। वर्ष भरी जे सुकै गरेता पनि त्यस्तै जे सुकै चिताएता पनि एक दिनको विशेष पूजा अनुष्ठान वा कुनै खास अवसरको विशेष पूजा अनुष्ठानबाट जीवनमा पुण्य नै भएछ। पहिले बोलेका, गरेका, चिताएका पाप वा खरावीको ऋण चुक्ता भएछ भन्ने शिक्षा बुद्धले दिनु भएको छैन। स्वयं बुद्धले पहिले गर्नु भएका अकुशलको फल भोग्नु पर्ने र स्वयं बुद्धका अग्रश्रावक महामौद्गल्यायनले आफ्नो पाप भोग्नु भएका जस्ता कथात्मक उदाहरणहरूबाट यस कुराको पुष्ठ्याई गर्दछ। यसर्थ पापमोचन शास्त्र वा विधि धर्मको चारित्रिक पक्षलाई आघात पार्ने तत्त्व हो। पापमोचन शास्त्र वा विधि सत्य धर्मको लागि बिषपान हो।

धर्म कर्महीन हुन सक्दैन। त्यसै कारण कुनै व्यक्ति जन्मिने बितिक्कै पूज्य, कुनै जन्मिने बितिक्कै निन्दनीय हुँदैन। बुद्ध भन्नु हुन्छ, जन्मबाट कोही ब्राह्मण हुँदैन, जन्मबाट कोही

Downloaded from http://dhamma.digital

चाण्डाल हुँदैन । सुकर्मबाटै मानिस ब्राह्मण हुन्छ, दुष्कर्मबाटै मानिस चाण्डाल हुन्छ ।' बुद्धको भिक्षुसंघमा ब्राह्मणकुलको भिक्षु कात्यायन, जो राजा 'चन्दप्रद्योतको गुरु हुनुहुन्छ, जति पूज्य छ, त्यति नै सिद्धार्थको केश कर्तन गर्ने नापित कुलका भिक्षु उपालि पनि पूज्य छ ।

धर्मद्वारा नैतिक–स्तर उठाउनलाई केही नगर्दै पनि केही हुन जाने भावनाबाट मानिसलाई माथि उठाउनु पर्दछ । कसैको श्रापद्वारा तुरन्तै कोही दुःखी दरिद्र हुने अथवा कसैको आशीर्वादबाट फट्टै सुखी सम्पन्न हुने संस्कारबाट मानिसलाई मुक्त गर्नु पर्दछ । भगवान बुद्धको जीवनमा मात्र होइन, अपितु यावत् बोधिसत्व आदर्शमा कतै कसैलाई सरापेको हामी देख्दैनौं । यही बुद्ध–धर्मको करुणापूर्ण प्रज्ञाको प्रमाण हो ।

धर्ममा आस्था जागृत गर्नलाई आदिभौतिक सामग्री र साधनबाट सुख र शान्ति नपाइने सत्यमा प्रकाश पार्नु वांछनीयछ । यसका साथै मानिसमा क्रियाशील चेतन र अव-चेतन स्वभावलाई वैज्ञानिक र मनोवैज्ञानिक रूपमा विश्लेषण गर्नु आवश्यक देखिन्छ । अनि मात्र जीवन र धर्म, अथवा धर्म र जीवन एक अरूको पारस्परिक पूरक तत्त्व हुन सक्नेछ, वास्तवमा हुनु पर्ने कुरा पनि यही हो ।

[गोरखापत्र, वैशाख २ गते २०३१ र आनन्दभूमि ३।१२ मा प्रकाशित]

Downloaded from http://dhamma.digital

# बौद्ध संस्कृतिको एक चारित्रिक अंग दान

त्याग सबै धर्मको आधार हो । यो बौद्ध–संस्कृतिको एक अभिन्न चारित्रिक अंग पनि हो । दानको वस्तु, दानको पद्धति, दान प्रतिग्राहक, दान दाता र दान दिनु पर्नेको कारण तिर विचार गर्दा बौद्ध सस्कृतिको चारित्रिक अंग दानको मौलिक विशेशता स्पष्ट हुन्छ ।

त्यागको भावनामा नै दान निर्भर हुन्छ । विना त्याग भावनाको दान एक व्यावहारिक सत्य वा रीतिस्थिति मात्र हुन्छ । दान, त्याग जस्तो गहन र त्यतिको अन्तरमुखि हुंदैन, परन्तु दान संगै त्यागभाव चाहीं सधैं रहीरहन्छ । खराब स्वभाव छाड्नु त्याग हो । जब कि दानमा केही भौतिक वस्तु दिने दाता र प्रतिग्राहक भएको हुन्छ । लोभ र ममत्व प्रति विजय पाउन दान हुन्छ भन्ने द्वेष र मोहमा विजय पाउने तिर पनि त्याग व्यापक हुन्छ ।

कुन वस्तुको दान गरे ठूलो फल पाइनेछ भन्ने कुराको निर्णय धर्म ग्रन्थहरूले युगापेक्षित रूपमा गरेको देखिन्छ । 'गोध्रन-'

Downloaded from http://dhamma.digital

को युगमा आरण्यक ऋषिका लागि गौदान महत्वपूर्ण भए रजत स्वर्णको स्वतन्त्र परिभोग गर्ने पुरोहित युगमा अनेक विधिको सून चाँडी दान तुलादानको कार्य अर्थ पूर्ण भएको छ। तर 'सुत्तनिपातले' गाउँ, ग्रामवासी, गाई-गोरू र दास दासी दानको आलोचना गरेकोछ। यसको अर्थ हो, घर खेत र भोग विलास छाडेका ऋषि, मुनि, योगी वा श्रमणहरूको जीवन यापन व्यवस्थाका लागि केही दान गर्नु गृहस्थहरूको कर्तव्य हो। त्यागी वा वितृष्णाका व्यक्तिहरूको भरण पोषण भन्दा बढता प्रकारको दान दाताहरूको लागि त्यति फलदायी हुँदैन बरू उल्टो दानग्राहकहरूको लागि भौतिक–संग्रह मात्र बन्न जाने हुन्छ। बौद्ध वाङमयमा चीवर वस्त्रादि अष्ट परिष्कार, भोजन, शयनाशन र भैषज्य दानको वर्णन गरेको छ। यी सबै वस्तु वास्तवमा गृहत्यागी भिक्षुहरूको लागि भरण पोषणको न्यूनतम आवश्यकता पनि हो। भिक्षुहरूलाई त्रिचीवर विना एक रात पनि बस्नु जहाँ विनय विहित छैन, त्यहीं त्रिचीवर भन्दा बढी वस्त्र राख्नु पनि "निस्सग्गिय" आपत्ति हुन्छ। पाएको नयाँ वस्त्र दश दिन भित्रै चीवर बनाउनु पर्ने र सुन चाँडी ग्रहण नगर्ने विनयबाट स्पष्ट गर्दछ, दान त्यागमयी जीवनको न्यूनतम आवश्यकता पूरा गर्ने रूपमा मात्र हुनु पर्दछ। शील-वान व्यक्तिलाई उसको साधना मार्गमा बढ्न उसलाई आवश्यकतम वस्तु दिनुमा दानको महानता नै देखिन्छ।

एक प्रत्येक बुद्धको भिक्षापात्रमा एक जना दाताले तातो यवागु (जावला) दान दियो। प्रत्येक बुद्ध फलामको

Downloaded from http://dhamma.digital

भिक्षा पात्र तातेर घडी दायाँ हातबाट बाँया हातमा, घडी बाँया हातबाट दाँया हातमा राख्दै थिए । त्यो दृश्य आफ्नो घरको दैलोमा बसिरहेकी एक उपासिकाले देखिन् । तिनले झट्ट आफ्नो चुरा फुकालिइकन दान दिइन् । प्रत्येक बुद्धले चुरालाई पात्र मुनि पींडा जस्तो गरी राख्नु भयो । उपासिका आफ्नो तत्क्षण ज्ञानबाट आफै खुशि भइन् । यस दानको पुण्यबाट तीक्ष्ण एवं अद्वितीय प्रज्ञावान होस् भनेर प्रार्थना गरिन् । गौतम बुद्धको समयमा यही खुज्जुतरा उपासिका उपासिकाहरूका प्रज्ञामा सर्वश्रेष्ठ भइन् । यस प्रसंगबाट स्पष्ट हुन्छ 'चुरा' दानबाट महान प्रज्ञावान हुने फल पाइने होइन, बरू प्रत्येक बुद्ध जस्तो सुपात्र र वहांलाई त्यस बेलाको आवश्यकताले गर्दा "चुरा" दान पनि महत् फलदायी भयो ।

तर हाम्रो संस्कारमा परम्पराको अनुकरणबाट ठूलो प्रभाव पारेको हुन्छ । ऋषि, मुनि, योगी, श्रमण, क्षीणाश्रव, प्रत्येक बुद्ध हिमवन्त प्रदेश वा अरण्यमा कन्दमूल र फलमा धेरै दिन जीवन बिताइकन वर्षमा एकबार केही दिन 'लवण' नून रसका लागि मानिसहरूको बस्ति तिर आउन्थे । यी पुण्यात्मा-हरूका लागि नूनको ठूलो महत्त्व थियो । 'लवण' रस पाए पछि आशीर्वाद दिन्थे । मानिसहरूले नूनको दान महत् फलदायी माने । यो संस्कार आज पनि "नूनको सोझो गर्नु पर्दछ" भन्ने धारणामा यथावत छ भन्नु अत्युक्ति हुने छैन । त्यस्तै सिद्धार्थले सुजाताद्वारा दान दिइएको क्षीर भोजन गर्नु भएकै रातमा बोधिज्ञान पाएको प्रसंगलाई लिन सकिन्छ । त्यसैको

Downloaded from http://dhamma.digital

संस्मरणमा आजपनि क्षीरदान महत्त्वपूर्ण र पुण्यप्रद मान्दै आएका छन् । प्रत्येक वर्ष नेपालमा पंचदानका दिन क्षीर दान गर्दछन् । जब कि वास्तविक कुरा शीलवान व्यक्तिलाई उसको आफ्नो त्याग र साधना मार्गमा लागिरहन आवश्यकतम वस्तु दिनु नै महान फलदायी दान हुन्छ ।

दान आवश्यक रूपमा मात्र महत्त्वपूर्ण हुन्छ । एक बार आयुष्मान आनन्दलाई राजा कोशलकी रानीहरूले ५०० वटा वस्त्र दान दिइन् । आयुष्मान आनन्दको अल्पेच्छु अपरिग्रह स्वभावबाट प्रभावित राजालाई आनन्दद्वारा ५०० वटा वस्त्र स्वीकारेको कुरा बडो आश्चर्यको विषय बन्न गयो । राजा स्वयं विहारमा जानु भयो र सोध्नु भयो, "भन्ते, के तपांईले ५०० वटा वस्त्र ग्रहण गर्नु भएको कुरा सांचो हो ?"

'हो महाराज ! आज मैले ५०० वटा वस्त्र ग्रहण गरेकोछु ।"

"त्यतिका वस्त्र तपाई के गर्नु हुन्छ, भन्ते ?"

'महाराज, मैले यी वस्त्रहरू चीवर पुराना भएका भिक्षुहरूलाई बांधि दिनेछु ।"

"भन्ते, ती भिक्षुहरूले आफ्ना भएका पुराना चीवर के गर्ने छन् ?"

"अन्तरवासक बनाइ लाउने छन् ।"

"अनि तिनीहरूको पुराना अन्तरवासक नि ?"

Downloaded from http://dhamma.digital

"बिछ्यौना बनाईनेछ ।"

"भएका पुराना बिछ्यौना के गर्ने छन् ?"

"महाराज, त्यसबाट पाउपोश बनाइनेछ ।"

"भन्ते, पुराना पाउपोश तिनीहरूले के गर्ने छन् त ?"

"महाराज, ती पुराना जीर्ण पाउपोश कुटेर माटोमा मिसाइकन भिक्षुहरूले भित्ताको लिपपोटको काममा लाइ दिनेछन् ।"

यही हो दान ग्राहकमा हुनु पर्ने अपरिग्रह स्वभावको उदाहरण र प्राप्त वस्तुको सदुपयोगको ज्वलंत उदाहरण ।

दानको महत्व दानग्राहकको सद्चरित्रमा पनि निर्भर हुन्छ । पंचशीलमा प्रतिष्ठित व्यक्तिलाई दान गर्नु भन्दा अष्टशीलमा प्रतिष्ठित व्यक्तिलाई दान दिनु महत् फलदायी हुन्छ । दान वस्तु बीज भए दानग्राहक बीज आरोपण गर्ने क्षेत्र हो । बुद्ध सहित क्षीणाश्रव भिक्षु भिक्षुणी संघ, क्षीणाश्रव भिक्षु भिक्षुणी संघ, क्षीणाश्रव भिक्षु संघ र सम्मुति भिक्षु संघ नै पुण्यरूपी बीज आरोपण गर्ने अनुत्तर पुण्य क्षेत्र हो । यसपछि सदाचारी र वितृष्णा तिर उद्योगशील व्यक्तिलाई दान दिनु फलदायी हुन्छ ।

दानको आनिशस दान दिने व्यक्ति र उसको दान पद्धतिमा पनि निर्भर हुन्छ । सम्यक् दृष्टिका साथ सोमनस्स भएर दिने दान र त्यसै कर मिटाउन दिएको दानमा धेरै धेरै फरक छ । स्वयं सुचरित्र भएर राम्रो चिताएर, भौतिक वस्तु लाभको आकांक्षा नराखेर दिने दान नै बौद्ध संस्कृतिको

Downloaded from http://dhamma.digital

चरित्र संग मिल्ने दान हो। दान मूलतः आफ्ना लोभ र ममत्वमा विजय पाउने अभ्यास हो। वास्तविक रूपमा दान गर्नु र युद्ध गर्नु त्यतिकै दुष्कर हुन्छ। युद्धमा शत्रुलाई जित्ने जस्तै आफ्ना लोभ, लालच र ममत्वमा विजय नपाइकन दान गर्नु असम्भव छ। यसैकारण भनिएको हो, "दानञ्च युद्धञ्च समानमाहु"। अझ युद्धमा युद्ध विजय पछिका मनस्थिति संग युद्धको मतलब छैन। परन्तु दानमा दानपछिको मनस्थितिबाट पनि प्रभाव पार्दछ। त्यसैकारण दान दिन अघिका "पुब्बचेतना" दान दिइरहेको अवस्थामा "मुञ्चचेतना" र दान दिइसकेपछिका "अपरचेतना" शुद्ध गर्न बौद्ध सस्कृति जोर दिन्दछ। दानदिने दाताको चरित्र र उद्देश्य वास्तवमा खेतमा छरेको बिउका लागि मलजल जस्तै हो।

वस्तुतः बौद्ध संस्कृतिको एक चारित्रिक अंग दान शील, समाधि र प्रज्ञा मार्गमा प्रतिष्ठित वा मार्गमा अघि बढीरहेका व्यक्तिहरूको न्यूनतम आवश्यकता आपूर्तिको दायीत्व हो। यो दायीत्व उपासक उपासिकाहरूले स्वयं शीलमा प्रतिष्ठित भएर वहन गर्नु पर्दछ। दान अघि र दान पछि पनि आफ्नो मन सम्यक् दृष्टिमा राख्नु पर्दछ। एक दिएर अनेक पाउने आशा नलिइकन आफ्ना लोभ र ममतामा विजय पाउनका लागि भनि मान्नु पर्दछ। यसैमा बौद्ध संस्कृतिको एक चारित्रिक अंग दानको विशेषता निहित छ। अस्तु।

[आनन्दभूमि : ७।७]

---

Downloaded from http://dhamma.digital

# मैत्री

सबैको भलो हुने कसैमाथि रीस राग नहुने मित्रतालाई नै मैत्री भनिन्छ । रागको भाव भएको वा तृष्णाको प्रभाव भएको मित्रतालाई मैत्री भनिन्दैन । राम्रो लुगा लाएको स्वस्थ सुन्दर व्यक्ति संग कुरा गर्नु सबैको इच्छा हुन्छ । नराम्रो लुगा लाएको, अस्वस्थ र नराम्रो मानिससंग घृणा हुन सक्दछ । तर जसको हृदयमा मैत्री हुन्छ, त्यसले दुबै प्रति समान मनोभाव राख्दछ अथवा राख्नेछ । मैत्रीको लक्षण सबैको भलो चिताउनु हो, यसको निष्कर्ष हो क्रोध नहुनु । मैत्रीकै प्रत्युप्रस्थान सौम्यभाव भए सबैलाई आफु ठान्नु यसको पदस्थान हो । आफुलाई मार्न आएको देवदत्त, मानिसहरूलाई मारी अंगुलीको मालालाएर हिंड्ने अंगुलीमाल, आफ्नो रक्तज राहुल प्रति बुद्धको जुन समभाव प्रेम र करुणा छ, त्यो मैत्रीको अपूर्व उदाहरण हो ।

जब मानिसले कसैको भलो होस् भन्ने चिताउँछ तब त्यस मानिसबाट उसको भलो हुन नसकेता पनि त्यसबाट कुभलो त कथमपि हुन्दैन । जब मानिसको मनमा मैत्री भावना

Downloaded from http://dhamma.digital

हुन्छ, तब उसको हृदयमा स्वत: इर्ष्याको जलनभाव हुन्दैन। कुनै मानिससंग कुनै एक जना मानिस प्रति बलियो मैत्री युक्त चित्त छ भने त्यो संगै बस्ने मानिसको चित्त पनि मैत्री भएको हुन जान्छ जस्तो सरूवा रोग एक जनाबाट अर्कामा सर्न सक्छ त्यस्तै मनको असल गुण र स्वभाव पनि सर्नसक्छ। रीसले गालि गर्ने बित्तिकै रीस ल्याइदिन सके जस्तै, मैत्रीबाट मैत्रीको सृजना गर्न सकिन्छ। मैत्री भावनाको पूर्णताबाट मानिस शरद शान्त चित्तको प्राणी बन्न सकिन्छ, मैत्री भावनाको अभ्यासबाट जुनसुकै मानिसबाट पनि आफ्नो मन ईर्ष्या र द्वेष रहित बनाउन सकिन्छ।

मैत्री भावना गर्ने विधिको चर्चा गर्दै विशुद्धिमार्गमा भनिएको छ, मैत्री भावना गर्नु भन्दा अघि द्वेषको अवगुण र शान्ति वा प्रेमको सद्गुण बारेमा जान्नु बुझ्न पर्दछ। त्यसपछि मैत्री भावनाको विषय, क्षेत्र र पात्रको छनौटको ज्ञान हुनु पर्दछ। एकै चोटी आफुलाई मन नपरेको व्यक्ति मैत्रीको विषय बनाए अथवा सारै मन परेको व्यक्तिलाई मध्यस्थानमा राखे चित्त क्लान्त हुन सक्दछ। पुरुषले स्त्री प्रति, स्त्रीले पुरुष प्रति मैत्री भावना गरे राग उत्पन्न हुने सम्भावना हुन्छ। आफ्नो जहान प्रति मैत्री भाव गर्दा गर्दै भावनावेशमा भित्तालाई प्रियपात्र ठानी अगाल्न जाने सम्भावना हुन्छ। त्यस्तै मृत व्यक्ति प्रति मैत्री भावना गर्नु केही काम लाग्दैन। त्यसकारण आफ्नो मनमा मैत्री जगाउन चाहने व्यक्तिले सबभन्दा अघि चिताउनु पर्दछ र विचार गर्नु पर्दछ "म वैर भाव रहित हुन्छु, अर्काको

Downloaded from http://dhamma.digital

नोक्सान नपुऱ्याउने मानिस बन्छु, उपद्रव नगर्ने हुन्छु ।" यसरी विचार गरेर अभ्यास गरी सकेपछि आफ्नो मन पर्ने साथी, सारै मन पर्ने साथी र सबै मानिस वैरभाव रहित होस्, सुखी रहोस्, दुःखी नहोस् भन्ने विचार गर्नु पर्दछ । यस प्रकारका चिन्तन मननबाट हामीमा हुने दुर्भावना सम्बन्धी कायिक-कर्म, वाचिक-कर्म र मानसिक-कर्म कम हुन गई हाम्रो मनमा शान्ति आउनेछ ।

मैत्री भावनाको विकास शारीरिक तौरबाट पनि हुन्छ । बास गांस र औषधि उपचारमा बिना भेदभाव सहयोग गर्नु कायिक मैत्री भावना हो । असल हुने कुरा गर्नुमा भलो हुने अर्ति बुद्धि दिनुमा कुनै प्रकारको भेदभाव नराख्नु वाचिक मैत्री भावना हो । वचनको मैत्री भाव हुने व्यक्तिबाट धनी-गरीब, रूपवान-कुरूपवान अधिकारी-अनाधिकारीको कारणबाट भलो हुने कुरामा भेदभाव हुंदैन ।

मैत्री भावना गर्ने व्यक्ति 'सुखं सुपति' आनन्दसंग निदाउंछ । हिंसा प्रतिहिंसा भावनाबाट उसलाई छट्पटिरहनु पर्ने छैन । द्वेष रहित शान्त स्वभावबाट ऊ त्यसरी उठ्नेछ जस्तै सूर्योदय हुना साथ कमल फक्रिन्छ । त्यसले कुनै नराम्रो डर-लाग्दो स्वप्न देख्नु नपर्ने हुन्छ र त्यसको मन जुनसुकै कुरामा पनि तुरन्तै एकाग्र हुन्छ । मानिसको चित्तबाट उसको आफ्नो हृदय-कोषको रगत सफा हुनुमा मदत पुऱ्याउने हुन्छ । जब सफा रगत हाम्रो शरीरमा फैलिन्छ, तब हाम्रो अनुहार प्रकाशमान, तेजवान र कान्तिमान हुन्छ ।

Downloaded from http://dhamma.digital

जहाँ मैत्री हुन्छ, त्यहाँ क्रोध हुँदैन । क्रोध शान्तिको मल भए मैत्री शान्तिको शीतलता हो । यहाँ सम्म कि हामी मैत्रीको स्तर उठाइ मैत्रीलाई शरीर र मन सुगन्धित गर्ने दिव्य औषधि समेत बनाउन सक्दछौं । मैत्री कै कारणबाट मारको धनुष वाण बुद्धका लागि फूल भए र बुद्धको शरीर सुवर्ण वर्णको भयो । बोधिसत्त्व सुवर्ण श्याम भन्नु हुन्छ, "न म कोही देखि डराउँछु, न कोही म देखि डराउँछन् । मैत्री बलको आधारमा म यस जंगलमा आनन्दसंग बसिरहेको छु ।" भोकाएको मृग शावकलाई बघिनीले दूध खुवाउनु, धामको तापले छटपटिएको सर्पलाई मयूरले आफ्नो पंखा फिजाइ सियाल दिनु, उपद्रवी मुसालाई सर्पले आफ्नो शरीरमा खेल्न दिनु इत्यादि उपमाहरूको चरितार्थ गर्ने काम मैत्री-भावना भएको मानिसबाट मात्र हुन सक्दछ ।

मैत्री क्रोधको आगो निभाउने पानी मात्र होइन, बरू आफुमा खन्याइएको तातो तेललाई पनि चीसो पार्न सक्ने शक्ति हो । एउटा गोठालाले आफ्नो हराएको गाई खोज्दा खोज्दै उसले जंगलमा आफ्नै बाटो समेत बिरायो । सात दिन सम्म जंगल बीचमा भट्किंदै जंगली बयेर टिप्न जाँदा त्यो बिचरो स्वयं एउटा गहिरो खाल्डोमा खस्यो । त्यसको रोदन-क्रन्दन सुनेर एउटा बानर आयो र त्यस प्रति करुणा राखी बानरले उसलाई खाल्डोबाट माथि आउनुमा सहायता गर्‍यो । त्यस कामबाट धेरै थाकेको बानरले भन्यो, "तिमीलाई जंगल पारी लैजानु भन्दा पहिले म एकै छिन आराम लिन्छु । यहाँ

Downloaded from http://dhamma.digital

बाघ भालु आए भने मलाई उठाउनु" यति भनेर बानर सुत्यो । तर बानर निदाउन मात्र के लागेको थियो गोठालाले त्यस बानरलाई भए पनि मारेर खाने विचार गऱ्यो र ठूलो ढुंगाले उसलाई हिर्कायो । तर थाकेको गोठालाको हात बलियो नभएकोले बानरलाई मर्ने गरी उसले हिर्काउन सकेन । बानर घाइटे मात्र भयो । आफ्नो टाउकोबाट रगत बगेर आएको देखेर बानरले भन्यो, "मैले तिमीलाई उपकार गरें, तर तिमीले मलाई नै मार्न खोज्यौ ! हे बाटो बिराउने मानिस, तिमीलाई जंगलको बाटो थाहा छैन । तर पनि म तिमीलाई अब कसरी विश्वास गरौं ? जे होस् । हे मानिस, अझ पनि म तिमीलाई बाटो देखाउँछु । तिमी म संग संगै आऊ । तर हेर, अब म तिमीलाई बोक्न सक्तिन । म बिस्तारै रूख माथि माथिबाट जान्छु, तिमी रूख मुनि मुनिबाट मेरो पछि पछि आऊ ।" यसरी त्यस बानरले उसलाई जंगल पार लाइदियो । यही बोधिसत्त्वको आदर्श हो, शत्रु र मित्र प्रति समभाव राख्ने कायिक मैत्री चर्या हो ।

[फ्रेण्डस क्लब, कोपुण्डोल, ल. पु. द्वारा प्रकाशित "बुद्ध–उपहार" मा प्रकाशित, २५१९ बु. सं.]

Downloaded from http://dhamma.digital

# भगवान बुद्धको पवित्र अस्थिधातु

भगवान बुद्धको अनुपादिशेष महापरिनिर्वाण कुशीनाराको मल्ल गणराज्यमा आजभन्दा २५२० वर्ष अघि भएको थियो । महापरिनिवृत बुद्धको भौतिक शरीरलाई १२ दिनपछि चक्रवर्ती स्तरको पूर्ण राजकीय सम्मानका साथ दाह संस्कार गरियो । एक तह कपास-कपडा र एक तह सुगन्धित तेल गरिकन धेरै तहमा मोडेर सम्पन्न गरिएको त्यस दाह संकार पछि भगवान बुद्धको दन्तधातु, अक्खकधातु र कपालधातुका अस्थि अतिरिक्त सत्रै अस्थि अवशेषहरू सासाना तीन स्तरका गोलाकार रूपमा परिणत भएका थिए । 'बुद्धकालीन ब्राह्मण' पुस्तकमा उल्लेख गरे अनुसार भगवान बुद्धका शरीरका धातु जम्मा सोह्र नालिका भरि थिए । दुई नालिका बराबर एक टुम्ब हुन्छ । टुम्बलाई द्रोणी पनि भनिन्छ । एक द्रोणीको वर्तमान अनुपातमा भन्ने भए चारमाना जति हुन्छ ।

पवित्र अस्थिधातु गोलाकार तीन स्तरका र तीन रंगका थिए । आधा मुंग जति ठूला अस्थिधातुहरू सुनको जस्तो पहेंलो रंगको हुन्थ्यो । आधा चालम्र जति ठूला अस्ति-

Downloaded from http://dhamma.digital

धातुहरू मोति जस्ता सेता सेता हुन्थे । सब भन्दा ससाना अस्थिहरू तोरी जतिको सानो र चमेली फूलको जस्तो रंगका हुन्थे । 'सर्वज्ञधातु' पुस्तकमा उल्लेख भए अनुसार ठूला र मध्यम स्तरका अस्थिहरू पाँच पाँच नालि र सबै भन्दा साना अस्थिहरू छ: नालि थिए । भगवान बुद्धका यी जम्मै अस्थिहरू कुशीनाराका मल्लहरूले एउटा कुम्भमा राखेर लगिकन अत्यन्त श्रद्धा सम्मानका साथ आफ्ना अन्तरंग संथागार कक्षमा राखेका थिए ।

भगवान बुद्धको महापरिनिर्वाणको समाचार तुरून्त सबै ठाउँमा फैलियो । पावाका मल्ल, कपिलवस्तुका शाक्य, रामग्रामका कोलिय, अलकप्पका बुलन, वैशालीका लिच्छवि र मगधका राज प्रतिनिधि बुद्धको अस्थि अवशेष पाउन अगाडि बढे । त्यस्तै वेठदीपका ब्राह्मणहरू पनि त्यहाँ आइपुगे । अस्थिधातु लिन आएकाहरू मध्येमा कसैले "हामी पनि क्षेत्रीय, बुद्ध पनि क्षेत्रीय" भन्ने दावा गरे कसैले 'बुद्धको ज्ञातृभावको सम्बन्धको' दावा गरे । त्यस्तै कसैले "बुद्ध हामी कहा चिरकालसम्म बस्तु भएका छन्" भन्ने दावा गरे भने वेठदीपक ब्राह्मणहरू "हामी बुद्धप्रति ठूलो श्रद्धा राख्ने हौं ।" भने–

यसरी भगवान बुद्धको पवित्र अस्थि अवशेष पाउने बारेमा बुद्धको महापरिनिर्वाणको १९ सौं दिन पछि विवाद भई रहेको बेला तीन वेद, व्याकरण र लक्षण शास्त्रबिज्ञ यशश्वी द्रोणब्राह्मण त्यहाँ आइपुगे । बुद्धको पदचिन्हको पिछा

Downloaded from http://dhamma.digital

गर्दै प्रथमबार बुद्धसंग भेट वार्ता गर्ने र बुद्धसंगको दोश्रो भेट वार्तामा जात्याभिमान छाडि सकेको द्रोणले त्यस सभा बीचमा भनेका थिए—

"सज्जनहरू, मेरो एक वचन सुन्नुहोस् । हाम्रा बुद्ध शान्तिवादी हुनुहुन्थो । अत: उत्तम पुरुषको शरीरका अवशेष भागको कारणबाट तपाईहरूको बीचमा सम्प्रहार हुनु राम्रो कुरा होइन । तपाई हामी सबै एक छन्द र एक मत भइकन परस्परमा सप्रसन्न अस्थिधातु आठ भाग गरौं । चक्षुमान बुद्ध प्रति असंख्य मानिसहरू प्रसन्न छन् । त्यसैले सबै दिशामा स्तूपहरूको विस्तार होस् ।"

द्रोण ब्राह्मणको यो आग्रह सबैले स्वीकार गरे । सम्पूर्ण अस्थि अवशेष सद्धर्म पुण्डरीक बुद्धको चिह्नलाई द्रोण ब्राह्मणले द्रोणमा नापेर भाग लगाइ दिए । आफ्ना लागि अस्थि अवशेष नापेर दिएको 'द्रोण' मागि लिए । केही समय पछि, जब कि अस्थि अबशेष विभिन्न राज्य प्रतिनिधिहरूमा विभाजित भैसकेको थियो, पिपलीबनका मौर्य प्रतिनिधि पनि त्यहाँ आइपुगे । द्रोण ब्राह्मणले त्यस संगीन अवस्थामा भगवान् बुद्धको इहलौकिक शरीर दाह गरिएको ठाउँको खरानी आदि अंगार दिइकन तिनीहरूलाई चित्त बुझाए । यसरी अस्थि अवशेष प्रतिस्थापित गरि बनाएका आठ स्तूपहरू, द्रोण राखीकन बनाएको एक स्तूप र अंगार राखी बनाएको एक स्तूप सहित जम्मा १० शारीरिक चैत्यहरू बने ।

Downloaded from http://dhamma.digital

केही वर्ष पछि महाकाश्यप स्थविरको विचार अनुसार भविष्यको कल्याणको दृष्टिबाट ती सबै अस्थिधातुहरू संकलन गर्न लाग्यो । पहिले अस्थिधातु राखेका स्तूपहरूमा केही अस्थिमात्र पूजार्थ बाँकी राखेर सबै अस्थिधातुहरू राजगृह लगिए । तर कोलियहरूको रामग्राम स्थित अस्थिधातु भने त्यहीं सुरक्षित हुनेछ भन्ने विचारले लगेको थिएन । राजगृहमा ८० हाथ जमीन मुनि खनेर सात द्रोण अस्थिधातु मात्र अलग अलग भांडोमा राखेर सबै अस्थिधातु एउटै स्थानमा महाकाश्यप महास्थविरबाट निधान गर्नुभयो । यस विशाल चैत्यको निर्माण भन्ने मगध सम्राट अजातशत्रुले गर्नुभएका थिए ।

भगवान बुद्धको महापरिनिर्वाणको दुई शय वर्ष पछि सम्राट अशोकले चौरासी हजार चैत्यहरू चारैतिर बनाए । यी चैत्यहरूमा अस्थिधातु प्रतिस्थापना गर्न अस्थिधातुको खोज भयो । तर राजगृहमा भएमा ती अस्थिधातु भेटाउन सकेनन् । श्रावस्ती र कपिलवस्तु इत्यादि ठाउँहरूमा पनि पुनः खोज गरियो । महावश अनुसार रामग्रामस्थित पवित्र अस्थिधातुहरू सम्राट अशोकले पनि पाउन सकेनन् ।

उता सम्राट अशोकले अस्थिधातु बारेमा जान्ने मानिसहरूद्वारा सूचना दिन एक राजकीय घोषणा पनि गरेका थिए । १२० वर्ष उमेर भएका एक स्थविरले स्तूप बारेको सूचना दिए जून सूचना कि आफूलाई ७ वर्षको उमेरमा आफ्ना गुरूले अस्थिधातु प्रतिस्थापित बारेमा दिइएको थियो ।

Downloaded from http://dhamma.digital

अशोकले ती अस्थिधातुहरू प्रत्येक योजनामा बनेका नयाँ स्तूपहरूमा स्थापित गरेर एक पात्र भरी अस्थिधातुहरू आफ्नी छोरा संघमित्राको पुत्र सुमन श्रामणेरलाई श्रीलंका दिइ पठाए। श्रीलंकामा महेन्द्र महास्थविरको आज्ञा अनुसार बनेका धानको थुम्को जस्तो आकारको चैत्यमा ती अस्थिधातुहरू प्रतिस्थापित गरे। यस पछि राजा दुट्ठगामिनीको राज्यकालमा ईसापूर्व प्रथम शताब्दीमा एक द्रोण अरू सर्वज्ञ अस्थिधातु श्रीलंका लगेको थियो। महावंश अनुसार रामग्राम स्तूपमा केही अस्थिधातु पूजार्थ बाकी राखेर ती अस्थिहरू श्रीलंका लगिएको थियो।

यसरी भगवान बुद्धको पवित्र शरीर अवशेष अस्थिधातु समुद्र पार पुगे। नेपाल र भारतका स्तूपहरू यत्र तत्र विस्तार भयो। कपिलवस्तु, रामग्राम, श्रावस्ती जस्ता प्रथम अस्थिधातु प्रतिष्ठापित गरेका स्तूपहरूमा अस्थिधातु केही न केही बांकी नै रहेको थियो। जहाँ सम्म श्री लंकाको कुरा छ, त्यहां एउटै स्तूपमा धेरै धेरै अस्थिधातुहरू प्रतिस्थापित भएको देखिन्छ यस पछि थुप्रै स्तूपहरू बनाए ता पनि अस्थिधातुहरू फैलाइएको प्रसंग देखा पर्दैन।

कपिलवस्तु र रामग्राम स्थित त्यो पहिलो अस्थिधातु युक्त चैत्यको खोज गर्न बाँकी नै छ। कपिलवस्तु र रामग्राममा थुप्रै चैत्य अवशेष देखिएका छन्। अघि अघिका उत्खननमा केही अस्थि अवशेषहरू पाइएका पनि थिए। तर पनि पाइएका चैत्यहरूमा पहिलो अस्थि चैत्य यही हो भन्ने प्रमाण आजसम्म पाइएको छैन।

Downloaded from http://dhamma.digital

श्रीलंकाका अनुराधपुर कालान्तरमा निर्जन स्थान भएर रह्यो । अनि चैत्यहरू पनि कालान्तरमा पुरिंदै गए । उन्नाइसौं शताब्दीको अन्त र बीसौं शताब्दीको प्रारम्भमा पुनः पुरातत्ववेत्ताहरूले प्राचीन बौद्ध स्मारकहरूको खोज गर्न लागे । यस खोजमा अनेक सर्वज्ञ अस्थिधातुहरू सहितका चैत्यहरू पनि भेटाए । यस्तै पाइएका अस्थिधातु युक्त चैत्यहरूमध्ये एक अस्थिधातु सहितको सुवर्ण चैत्यमा अनुराधपुर निवासी श्री हरमानिस महाशयले पनि पाएका थिए । श्री हरमानिसको देहावसान पछि श्रीमती हरमानिसले श्रीलंकाका कोलम्बो स्थित प्रसिद्ध वजिराराम विहारलाई श्रद्धा र भक्तिका साथ केही अस्थिधातु चढाएकी थिइन ।

२००३ सालमा श्रीलंकाका वजिराराम विहारका महास्थविर नारदलाई भिक्षु अमृतानन्द महास्थविरले नेपालको लागि केही अमूल्य उपहार लिएर जाने सल्लाह दिए अनुसार भिक्षु नारद महास्थविरले नेपाली जनताका लागि दुई पवित्र अस्थिधातुहरू नेपालमा ल्याउनु भएका थिए । त्यसबेलाका प्रधानमंत्री पद्मशम्शेरले आनन्दकुटी विहारमा नै त्यो अस्थिधातु ससम्मान राख्नुहोस् भनेको हुनाले पवित्र अस्थिधातु आनन्दकुटी विहार स्थित लंकाराम चैत्यमा प्रतिस्थापित गरे । प्रत्येक वर्ष बैशाख-पूर्णिमाको दिन त्यस पवित्र अस्थिधातुको दर्शन-पूजन हुन्छ र हाल प्रत्येक चौथौ वर्षमा पवित्र अस्थिधातुको यात्रा गर्ने क्रम अनुसार, यो वर्ष २५२१ औं बुद्ध–जयन्ती, भगवान बुद्धको पवित्र अस्थिधातु यात्राको दिन हो । आज अपरान्ह ४ बजे

Downloaded from http://dhamma.digital

श्रोघः विहार नः घः टोलबाट पवित्र अस्थिधातुको यात्रा शुरू हुन्दैछ र सांस्कृतिक बाजा खलक, स्त्रोत्र धारणी पाठ गर्ने खलक, भजन मण्डली तथा हजारौं श्रद्धालु भक्तजनहरूले यस यात्रामा भाग लिइकन पुण्य आर्जन गर्दैछन् ।

नेपालको लुम्बिनीमा जन्मनु भएका भगवान् बुद्धको २५२१ वर्ष अघिका पवित्र अवशेष आज पनि लंकादि बौद्ध देश-हरूमा जस्तै नेपालमा पनि सम्मान हुनु कम गौरवको कुरा होइन दुनियामा मानिसहरू मर्दछन्, अवशेष चारदिन पछि बिलाउन्छ र स्मृति पनि निशेष हुदै जान्छ । तर तथागत अर्हत सम्यक् सम्बुद्ध यस संसारमा धर्मकार्य रूपमा आज पनि जीवित छन् । उनको पवित्र अस्थि अवशेष आज २५२१ वर्ष पछि पनि हाम्रो लागि पुण्य-प्रेरणाको श्रोत भइरहेको छ, यही बुद्धको महत्त्व र धर्म प्रति श्रद्धाको एउटा पुण्यमय उदाहरण हो ।

[२१ बैशाख २०२४ मा "गोरखापत्र" मा प्रकाशित]

———

Downloaded from http://dhamma.digital

# कपिलवस्तु र देवदहमा बुद्ध, धर्म र संघ

नेपाल भगवान बुद्धको जन्मभूमि हो। भगवान बुद्धको जन्म लुम्बिनीमा भएको थियो। दुई शताब्दी पछि देवानांप्रिय अशोक यस घटनाको स्मरण गर्नु हुन्छ, "हिद बुधे जाते सक्यमुनीति . . . हिद भगवं जातेति लुंमिनि गामे" अर्थात् यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएकोछ, यहाँ लुम्बिनी ग्राममा भगवान जन्मनु भएकोछ। भगवान बुद्धको महापरिनिर्वाण अवस्थाको उपदेश जस्तै लुम्बिनी बुद्ध पछि प्रथम संवेजनीय स्थान बने।

अनि त्यहाँ स्मारकहरू बने। यहां गाउँको सन्निकता बढ्दै गयो। वास्तवमा लुम्बिनी बुद्धकालीन समयमा शाक्य राज्य र कोलिय राज्यको साझा मंगल शालोद्यान थियो। यो शालोद्यान नेपालको हो।

यस कुराको पुष्टिको लागि भारतको नवाबी शासन अंग्रेजको आधिपत्य र सुगौली संधीको परिपेक्ष्यमा मात्र कन, बहादुरशाह कालीन नेपाल, लिच्छवि कालीन ने

Downloaded from http://dhamma.digital

प्राचीन नेपालको पृष्ठभूमिको अध्ययनलाई मात्र इत्यलम् नगर्दै बुद्धकालीन समय कै राजनैतिक एवं भौगोलिक आधारमा पनि समीक्षा गर्नु आवश्यक छ ।

बुद्धकालीन समयमा १६ वटा महाजनपदहरू थिए । ती मध्ये "रोहिणी" नदी राज्य सीमा भएका शाक्यराज्य र कोलिय राज्य पनि दुई गणतन्त्रात्मक राज्यहरू थिए । यी दुबै राज्यहरू एउटै वंशबाट संस्थापित र विस्तारित भएता पनि, दुबै राज्यको बीचमा आबाह–विवाह चलेता पनि सिंचाइ जस्ता राज्यस्तरीय हित विषयमा जेष्ठ महीनाको एक खडेरीमा कर्मकर, नियुक्त अमात्य बीच हुन्दै दुबै राज्यका संस्थागारमा समेत छलफल हुने गर्दथ्यो । शाक्यहरू र कोलियहरू एकले अरूलाई "हटाऊ हटाऊ" भन्दै हाथी घोडा चढिकन, ढाल र हथियार लिइकन हामीलाई के गर्न सक्दछौ भन्दै थिए । यस युद्धोत्तेजनाको समय पितृकुल र मातुलकुल बीचमा हुनलागेको रक्तपात बचाउन भगवान बुद्ध स्वयम् त्यस ठाउँमा पाल्नु भयो र सम्झौता गराइ दिनु भयो ।

शाक्यहरूको प्रमुख संस्थागार रहेको महानगर कपिल-वस्तु हो । यो १६ वटा महाजनपदहरूका ६ प्रमुख महानगरहरू मध्येमा एक महानगर हो । जस्को भग्नावशेष आजको हाम्रो तिलौराकोट हो । यही कपिलवस्तुमा २९ वर्ष सम्म सिद्धार्थ "किं कुशल गवेषी" हुनु भएको थियो । महाभिनिष्क्रमण पछि ३५ वर्षको उमेरमा सिद्धार्थले मगध राज्यको "उरूवेल" बनमा सम्बोधिज्ञान पाए । बुद्धको प्रथम धर्मचक्र प्रवर्तन, अंग र

Downloaded from http://dhamma.digital

मगधको प्रतिस्पर्धात्मक प्रभावमा बाँचिइरहेको बाराणसी मृगदावनमा भयो । यो एक महान सुयोग हो, बुद्धको धर्मचक्र प्रवर्तनका पाँचै जना श्रोताहरू कपिलवस्तुका थिए । तिनीहरू सबै सिद्धार्थ पछि श्रमण भइ सिद्धार्थको पछि लागेका थिए । बोधिज्ञान लाभ हुनुअघि लोमहर्षक तपस्याकाल सम्म तिनीहरू बुद्ध कहाँ नै थिए । बुद्ध उनीहरूको श्रद्धा र ज्ञान पिपाशा याद गर्दै उनीहरूको खोजमा थिए । सर्वप्रथम द्रोणवस्तु ग्रामका त्रिवेदज्ञ ज्योतिष र लक्षण शास्त्रज्ञ भएको कौण्डञ्ञले बुद्धको धर्मचक्र पवर्तनलाई बुझे । अत: यही भिक्षु रत्तञ्ञमा श्रेष्ठतम भिक्षु भयो ।

कौण्डञ्ञ पछि वप्प र भद्दियलाई अनि महानाम र अस्सजिलाई विरज विमल धर्मचक्षु उत्पन्न भयो । यिनीहरू नै लोकका पहिला छ:जना अर्हत् क्षीणाश्रव भए । यिनीहरू नै बुद्धको पहिलो भिक्षु संघका सदश्यहरू थिए ।

यसरी बुद्ध, धर्म र संघको प्रादुर्भाव भयो । यस बुद्ध, धर्म र संघको प्रादुर्भाव लुम्बिनी, मगध र वाराणसी तीन अलग अलग राज्यहरूमा भएका थिए । त्यस पछि यी भूभागहरूको विस्तारण र संकीरण राजनैतिक दृष्टिबाट धेरै पटक भए । आज लुम्बिनी, कपिलवस्तु र देवदह नेपालको भए, गया र सारनाथ भारतको ।

सम्बोधि ज्ञान पाएको ठीक एक वर्ष पछि पूर्णिमा कै दिन मगध देखि ६० योजन पद यात्रा गर्दै भ

Downloaded from http://dhamma.digital

बुद्ध सर्वप्रथम कपिलबस्तु आउनु भएका थिए । यसका लागि शुद्धोदनको निमन्त्रणा कालुदायोद्वारा बुद्धकहाँ पुऱ्याइएको थियो । बुद्ध संगै हजारौं कपिलवस्तु निवासीहरू पनि भिक्षु भईकन कपिलवस्तुमा आएका थिए ।

कपिलवस्तु आगमनको तेश्रो दिन महाप्रजापती गौतमीको पुत्र नन्द र सातौं दिन सिद्धार्थको पुत्र राहुल भिक्षु र श्रामणेर भए । पछि नन्द जितेन्द्रीय भिक्षुहरूमा अग्र भएर राहुल विनय पालनमा अग्र भए ।

नन्द र राहुलको प्रव्रज्या पछि महाराज शुद्धोदनले मर्मस्पर्शी रूपमा आफ्नो वेदना पोख्दै मातापिताको अनुमति विना कुनै कुलपुत्रलाई प्रव्रज्या नगर्ने प्रार्थना गर्नु भएको थियो । भगवान बुद्धले यस प्रार्थनालाई स्वीकार गर्दै विनय (नियम) बनाइ दिनु भयो । परन्तु ४ वर्ष पछि अर्थात् बोधिज्ञान लाभको ४ वर्ष पछि शुद्धोदन आफ्नो निर्वाण पूर्व बुद्धको धर्म प्रचार कार्यमा सहयोग गर्न सबै कपिलवस्तुवासी-लाई सल्लाह प्रदान गर्नु भयो । अनि कपिलवस्तु एक यस्तो राज्य हुन गयो, जहां यदि कुनै एक घरबाट कोइ एक जना भिक्षु भएको छैन भने त्यो कुलप्रतिष्ठा भएको कुल नै मानिन्दैनथ्यो । महानाम र अनिरूद्ध दाज्यूभाईमा सल्लाह गरेर अत्यन्त सुकुमार अनुरूद्ध, जसलाई "छैन" भन्ने कुरा नै थाहा छैन, प्रब्रजित हुन आए । पछि उनि दिव्य चक्षु प्राप्त भिक्षुहरूमा अग्रतम भिक्षु भए ।

Downloaded from http://dhamma.digital

पहिलो पटक बुद्ध कपिलवस्तु आउनुहुंदा निग्रोध शाक्य-को उद्यानमा बस्नु भएको थियो। शायद यही हजारौं भिक्षुहरू बस्न योग्य स्थान पनि थियो। पाँचौ बर्षावास कालमा शुद्धोदन महाराज बिरामी हुंदा बुद्ध फेरी कपिलवस्तु आउनु भएको थियो। परन्तु तीन महिना सम्म कपिलवस्तुमा बस्नु भएको बुद्धको १५ औं वर्षावास नै वास्तवमा बुद्धको दीर्घकालीन कपिलवस्तु प्रवास काल हो। स्व० राहुल सांकृत्यायनको गणना अनुसार यो ५१४ ई. पू. को घटना हो। 'देवदह सूत्र' अनुसार बुद्ध देवदह पनि जानु भएको थियो।

भगवान बुद्धले कपिलवस्तुका सबै ठाउँमा चारिका गर्नु भएको थियो। एक पटक सिमसिम पानी परिरहेको बेला बुद्ध खोमदुस्स ग्राममा जानु भयो। त्यहां सभा भइरहेको थियो र केहीले "यी श्रमण मुण्डकलाई सभा धर्म बारे पनि केही थाहा छैन" भन्ने टिप्पणी पनि गरेका थिए। तर बुद्धको केही समयको संगत पछि नै ती ब्राह्मणहरूले बुद्धको अभिवादन गरे र "जहाँ सन्त छैन त्यो सभा सभा नै होइन" भन्ने कुराको अनुमोदन गरे। विचरा भरण्डुक एक जना मात्र चाहीं महानाम शाक्यको सामुने बुद्ध आफु भन्दा हीनप्रभाको हुन गएकोले कपिलवस्तुको आफ्नो आराम नै छाडेर गए र फेरी कहिलै कपिलवस्तु फर्केर आएनन्।

बुद्धकालीन समयका यावत् कपिलवस्तु र देवदहका भिक्षु-भिक्षुणी र उपासक-उपासिकाहरूको बुद्धशासन प्रवेश बारेमा काल क्रमानुसार समीक्षा गर्नु यहाँ सम्भव छैन। अत:

Downloaded from http://dhamma.digital

यहां एक विहंगम दृष्टिका साथ "थेरगाथा", "थेरीगाथा" र "एतदग्ग सूत्र" मा देखा परेका भिक्षु भिक्षुणीहरूको एक संक्षिप्त अध्ययन मात्र प्रस्तुत गर्ने प्रयास गरिएको छ, जसद्वारा बुद्ध–धर्मको प्रचार, प्रसारण र संघको सुनियोजनमा कपिलवस्तु र देवदहको के देन छ भन्ने कुरा स्पष्ट हुनेछ ।

नैतिक सभ्यता, भावनाको गहनता र अपराजित हृदयको ध्वनि भएका साधना लब्ध अमृतानुभूति रूपका श्रेष्ठ गाथाहरू नै थेरीगाथा हुन् । थेरगाथाका २६५ थेरहरूमा कपिलवस्तु र देवदहका मात्र २२ जना थेरहरू थिए ।

(१) बुद्धको उपदेश राम्ररी व्याख्या गर्नुमा पुण्ण श्रेष्ठतम भिक्षु थिए । वहां भन्नु हुन्थ्यो– "बुझ्दा बुझ्न गाह्रो स्वयं सम्पन्न–ज्ञान र चरित्रले मात्र बुझ्न सक्ने "महान अर्थ" लाई मैले बुझें ।" (२) ब्राह्मणकुलीन वनवच्छ स्थविर स्वच्छ शीतल पानी भएको एक सुन्दर "दहन" मा निर्वाण प्रतिबिम्बित गर्दै आफना उदान प्रकट गर्नु हुन्छ । (३) वनवच्छ स्थविरको भाञ्जा सिवक सुतिरहन परेता पनि वनमा नै बस्न चाहनु हुन्छ । (४) शाक्य कुमार नन्दिय भन्नु हुन्छ, क्षीणाश्रवमा आक्रमण गर्दा स्वयं मारलाई मात्र दुःख हुन्छ । (५) शाक्यकुमार भिक्षु लोसकलाई अति कोशिश गर्दा पनि घरमा फर्काउन सकेनन् । (६) वप्पको नदेख्नेले नदेख्नेलाई मात्र देख्दछ, देख्नेलाई देख्न सक्दैन । तर देख्नेले देख्नेलाई पनि नदेख्नेलाई पनि देख्न सक्तछ भन्ने उक्ति सारै गहन छ । (७) मेघिय स्थविर "निर्वाण लाभ नै अन्ततः बुद्ध शासनको पूर्ण" मान्नु

Downloaded from http://dhamma.digital

हुन्छ । (८) भिक्षु छन्न आफु दासीपुत्र भएर पनि राजकुलको सन्निकटाको अभिमान गरिरहने आफ्नो अतीतको अज्ञानताको याद गर्नु हुन्छ । (९) प्रव्रजित नागित शाक्यको चुनौति हो, अष्टांग मार्ग मात्रै मुक्तिको मार्ग हो । (१०) आफ्ना गृहस्थ जीवनमा एक सय प्रकारका रस संगै भोजन गर्ने शाक्यकुमार परिपुण्णक स्थविर आफ्ना अमृतानुभूति संगै तुलना गरेर भन्नु हुन्छ, अमृत रस नै श्रेष्ठ रस हो । (११) श्रोत तृष्णाका डरलाग्दो परिणाम देखाउन्दै यसबाट मुक्ति पछि पाएको आनन्दको वर्णन उत्तिय स्थविरको चरित्रमा पाइन्छ । (१२) देवसभा र (१३) किम्बिलको निर्वाण रस पानको वर्णन अत्यन्त आकर्षक छ । (१४) नन्दको प्रव्रज्या 'राग र विराग' र 'भोग र मुक्ति'को मनोवैज्ञानिक प्रयोग हो । अप्सरा पाउनका लागि समाधि गर्ने नन्द पछि गएर बुद्धलाई भन्नु हुन्छ– 'भगवान ! मलाई अब अप्सरासंग विवाह गर्नु छैन ।' (१५) क्षीण स्थविर युवराज भद्दिय प्रव्रज्या भए पछि म मात्र किन घरमा बसुं भनेर भिक्षु भएता पनि निर्वाण लाभी भए । (१६) प्रव्रजित भइ सकेर पनि आफुले हरित चीवर लाएर हात्ति चढेर भिक्षा माग्न गएको स्वप्न देख्ने उसभ स्थविरको चरित्रबाट "कपिलवस्तुको त्यसताक भिक्षु बन्ने प्रवाह" को सत्यता नै साकार हुन्छ । (१७) शाक्यहरूको चरणदासी उपालि बुद्धको विनयमा सर्वश्रेष्ठ ज्ञाता थिए । (१८) गौतम स्थविर भन्नु हुन्छ, "स्मृति लाभीले मात्र शान्ति पाउन सक्दछ ।" (१९) नागसमान स्थविरले बाटामा नाचिरहेकी

Downloaded from http://dhamma.digital

आइमाई देखेर उसैलाई आफ्नो निमित्त बनाई अनित्य भावना पूरा गर्नु भयो । (२०) अंगू स्थविर निद्रा लाग्ने बित्तिकै चङ्क्रमण गर्नु हुन्छ । चंक्रमण गर्दै एक दिन वहाँ लड्नु भयो । यसैबाट संवेग पाएर उद्योगी भई वहां निर्वाण लाभी भए । (२१) राहुल कुमार शिक्षाकामी अनुशासित भिक्षुहरूमा श्रेष्ठ थिए । (२२) शुद्धोदनको पुरोहित पुत्र सप्पवास स्थविरले जति गर्दा पनि स्वयं आफुलाई अनुशासित गर्न नसकेर दिक्क भएर आत्महत्या गर्न लागेका थिए, तर त्यसै बेला उनी मर्मज्ञ भए, अर्हत् भए । (२३) कालुदायी बुद्धलाई कपिलवस्तु बोलाई ल्याउने स्थविर थिए । (२४) अञ्ञा कोण्डञ्ञको प्रथम धर्माविबोध पछिको उदान हो, "जति समुदय धर्म छन्, ती सबै निरोध धर्म हुन्" । (२५) उदायी स्थविर बुद्धको नाग (हात्ति) रूपमा गुण स्मरण गर्नु हुन्छ । (२६) शाक्यराज भद्दिय स्थविर प्रव्रज्या पछि "अहाँ सुख, अहाँ सुख" भनिरहनु हुन्थ्यो, जसलाई अज्ञ भिक्षुहरूले प्रव्रज्या पछि पनि "राज्यसुख याद गरिरहेको" भन्न थाले । (२७) अनुरूद्ध स्थविर प्रत्येक शाक्यकुलबाट कुनै न कुनै भिक्षु भएकोले आफ्नो कुलको प्रतिनिधित्व गर्न भिक्षु भएका थिए । (२८) आनन्द बुद्धको २० वर्ष सम्म उपस्थान गर्ने बहुश्रुत, गतिमान, स्मृतिमान र धृतमानमा भिक्षुहरूमा श्रेष्ठ भिक्षु थिए ।

थेरी गाथाका ७३ थेरीहरूमध्ये ५ भिक्षुणीहरू यहाँ सम्बन्धित थेरीहरू हुन् । (१) निर्मल चित्तबाट लोकमा विचरण गर्ने तिष्याको संस्मरण सारै गम्भीर छ। (२) स्वयंवर

Downloaded from http://dhamma.digital

हुने दिनैमा आफ्ना भावी पतिको मृत्यु भएकोले नन्दालाई उनको आमाबाबुले भिक्षुणी बन्न लगाए । (३) रोमकको पुत्री अभिरूपा सौन्दर्याभिमानी थिइन् र बुद्धको अनित्य उपदेश पछि तिनी मुक्तिलाभी भइन् । (४) देवयोनीको आकांक्षामा प्रत्येक औंसी, पूर्णिमा र अष्टमीका दिन उपवास बस्ने शाक्या मित्राले निर्वाण लाभ पछि देवयोनी क्षुद्र भन्ने कुरा बुझिन् । (५) देव-दह नगरकी वड्ढेसीले प्रव्रज्याको २५ वर्ष पछि बल्ल धर्मदिन्नाको उपदेश सुनेर काम वासना माथि विजय पाउन सकिन् ।

बुद्धको जीवन कालमा हजारौं हजार भिक्षु भिक्षुणीहरू बनेका थिए । ती मध्ये विभिन्न विषयमा विशिष्टता पाएकालाई "एतदग्ग" प्राप्त श्रावक श्राविकाहरू भनिन्थ्यो । ४५ जना एकदग्गी भिक्षुहरूमा कपिलवस्तु र देवदहका मात्र १० जना भिक्षुहरू थिए । माथि उल्लेख गरेका कोण्डिञ्ञ, अनुरुद्ध, राहुल, आनन्द, कालुदायी र नन्द अतिरिक्त ४ जना अरू एतदग्गी भिक्षुहरू थिए । ती कपिलवस्तुका भद्दिय, मैत्रायणी पुत्र, उपालि अनि देवदहका शिवली क्रमश: उच्चकुलीन, धर्म उपदेशक, विनय–पालन र महालाभमा एतदग्गी थिए । १२ जना एतदग्गी भिक्षुणीहरूमा महाप्रजापति गौतमी, यशोधरा र नन्दा कपिल-वस्तुका एतदग्गी भिक्षुणीहरू थिइन् । नन्दा सिद्धार्थको दिदी थिइन् । यिनी ध्यानमा श्रेष्ठ थिइन् ।

यसरी कपिलवस्तु र देवदहको साझा मंगल शालो-द्यानमा बुद्धको उत्पत्ति भयो । बुद्धबाट धर्मको उत्पत्ति

Downloaded from http://dhamma.digital

भयो। अनि हजारौं हजार कपिलवस्तु र देवदहका वयस्क एवं युबक युवतीहरू संघमा सम्मिलित भए। बुद्ध, धर्म र संघको उत्पत्ति र बुद्ध-धर्मको विकासमा यो नेपालको अद्वितीय देन हो। अतः बुद्धको समय देखि आज सम्मको जीवित बुद्ध–धर्मको अविच्छिन्न बौद्ध परम्परा रहेको यो देश नेपालको त्यति नै बिश्वमा महत्ता छ, जति आज विश्व शान्तिको मूल्य छ। अस्तु।

[आनन्दभूमि प्रत्रिकामा प्रकाशित]

Downloaded from http://dhamma.digital

# रामग्राम स्तूप

कपिलवस्तु महासम्मत वंश, जुन इक्ष्वाकुकुलीन सूर्यवंशी क्षेत्रीय राजकुमारहरूले स्थापना गरेका थिए, तिनीहरू कै दिदी क्षेत्राणी राजकुमारी पियाबाट कोलिय राज्यको स्थापना भएको थियो । कोलिय राज्यलाई कोलनगर, व्यग्घ-पज्जा र व्यग्घपुर पनि भनिन्थ्यो । कोलिय राज्यलाई जुन दुई जनपदहरूबाट इतिहास प्रसिद्ध बनाइएको थियो, ती दुइ जनपदहरू रामग्राम र देवदह हुन् । यी दुई जनपदहरूमा पनि रामग्राम मूल रूपमा अघि नै स्थापित र बुद्धकालीन युगसम्म शक्तिशाली प्रमुख जनपद भैसकेको थियो । सिद्धार्थलाई दूध ख्वाइ-कन हुर्काउने उनकी कान्छी आमा महाप्रजापति गौतमी भिक्षुणी भइसकेपछि आफ्नो अतीत जीवनको सम्झनाको उद्गारमा भन्थिन्–"यो अन्तिम जन्ममा मैले देवदह नगरमा जन्म लिएँ । मेरो बुवा अँजन शाक्य हुनुहुन्छ र आमा सुलक्षणा पछि म कपिलवस्तुको राजा शुद्धोदनको घरमा गएकी थिए" । यसरी देवदह सिद्धार्थ गौतमको मातुलभूमि भएको कुरा स्पष्ट हुन्छ ।

Downloaded from http://dhamma.digital

कपिलवस्तु र कोलिय राज्यको सीमाना रोहिणी नदी थियो। कोलिय राज्य राजगृहको पश्चिम दिशामा पर्दछ। भिक्षु कालउदाई बुद्धलाई बिन्ति गर्दै भन्नु हुन्छ– "पश्चिमाभिमुख भई रोहिणी नदीलाई पार गरिकन भगवान ! शाक्य र कोलियहरूलाई हेर्नु होस्।" लुम्बिनी त्यसै कपिलवस्तु र देवदहको बीचको एउटा उपवन हो, जहाँ सिद्धार्थ गौतमको जन्म भएको थियो।

बुद्धको सम्बोधिलाभको छैठौं वर्ष तिरको रोहिणी नदीको पानीको बारेमा शाक्य र कोलियहरूको बीचमा ठूलो विवाद र युद्ध हुने लागेको थियो। शाक्य र कोलियहरू दुबै आ-आफ्नो खेतमा रोहिणी नदीको पानी पहिले लैजान चाहन्थे। पानीको विषयमा विवाद हुँदै युद्धको लागि दुबै राज्य सीमामा युवकहरू सेनाका रूपमा जम्मा भइसकेका थिए। बुद्धले दुबै राज्यको बीचमा हुन लागेको युद्ध हुन नदिइकन दुबै राज्यको बीचमा शान्ति सम्झौता गराई दिनुभयो। यस घटनाबाट शाक्य र कोलिय क्षेत्रीय युवकहरू यति प्रभावित भए कि दुबै राज्यका पाँच पाँच शय युवकहरू भिक्षु संघमा भिक्षु भए। यसरी शाक्य र कोलिय क्षेत्रीय युवकहरूमा क्षेत्रीय शौर्य बीरता तथा शान्ति अनुरागको विलक्षण सम्मिश्रण गुण विद्यमान थियो।

भगवान् बुद्धको महापरिनिर्वाणको समाचार पाउने बित्तिकै रामग्रामका कोलियहरू कुशीनगरमा पुगेर भन्न लागे– "भगवान पनि क्षेत्रीय हुनुहुन्छ, हामी पनि त्यसै वंशका

Downloaded from http://dhamma.digital

क्षेत्रीय हौं । त्यसकारण बुद्धको अवशेषमा हाम्रो पनि अधिकार छ । हामीले पनि अस्थि अवशेष पाउनु पर्छ ।" बुद्धको शरीर अवशेष अस्थिधातु आठ भाग लगाउँदा रामग्रामका कोलियहरूले पनि एक भाग पाएका थिए । अनि तो अस्थिधातु समूह प्रणिधान गरिकन देशकै नाउँबाट रामग्राम स्तूप बनाइयो ।

रामग्राम स्तूपको त्यसबेला देखि कोलियहरूबाट श्रद्धा भक्तिपूर्वक पूजित स्तूपको रूपमा प्रसिद्ध भयो । यस स्तूपको संरक्षण पनि बडो सतर्कतापूर्वक हुन्थ्यो । यस स्तूपको रक्षा नागादिबाट समेत भएको कुरा इतिवृत्तबाट प्रमाणित हुन्छ । राजा अशोकले अस्थिधातु वितरण र स्तूप निर्माण क्रममा आठ अस्थि धातुमय चैत्यबाट अस्थिधातु निकालेर विभिन्न स्तूपहरूमा अस्थिधातु राख्ने योजना बनाएर कार्यान्वयन पनि गरेका थिए । अशोकले आठवटा प्राचीन अस्थिधातुमय स्तूपहरूबाट अस्थिधातुहरू निकाल्ने क्रममा सातवटा स्तूप-हरूबाट मात्र निकाल्न सफल भएका थिए । नागद्वारा संरक्षित रामग्राम स्तूपको अस्थिधातु अशोकले निकाल्न सकेनन् । पछि श्रीलंकाका राजा दुट्ठगामणीलाई यस कुराको ज्ञान भयो । उनले अशोकले जस्तै थूप्रै अस्थि भएको स्तूपबाट अस्थिधातु निकालेर धातु विभाजन र निधानको कार्य गर्न चाहेकोले भिक्षु सोणुत्तरलाई रामग्राम स्थित अस्थिधातु लिन पठाइयो । भिक्षु सोणुत्तरबाट रामग्राम स्तूप स्थित अस्थिधातु त्यहाँ केही बांकी राखेर लगेको कुरा बडो रोचक र रोमांचक शैलीमा महावंशमा वर्णन गरिएको छ । रामग्रामका अस्थिधातुहरू

Downloaded from http://dhamma.digital

प्रणिधान गरेर श्रीलंकामा थुप्रै स्तूपहरू र महास्तूपहरू बनाइए। यता रामग्रामको स्तूपको पूजा र सम्मान पनि कायमै रह्यो। किनभने फाहियान र ह्वेनसांग कपिलवस्तु र लुम्बिनी हुँदै सहजै रामग्राममा पुगेका थिए। यसबाट यो कुरा पनि प्रमाणित हुन्छ, लुम्बिनीको र कपिलवस्तुको यात्राक्रम प्रसिद्ध हुन्जेलसम्म रामग्राम स्तूपको पूजा अर्चना र यात्राक्रम पनि कायमै थियो र केही शताब्दी लुम्बिनी आदि बौद्ध तीर्थस्थलको यात्राक्रम टुटेकै बेला रामग्राम स्तूपको पूजा सम्मान पनि सम्यक् प्रकारबाट हुन सकेन। स्थानीय सांस्कृतिक परम्पराको आधारमा भन्ने हो भने लुम्बिनीमा कढाई चढाउई चूडा कर्म प्रथाको संकेत गरे जस्तै यहाँ पनि रथ र मुकूट चढाई प्रत्येक बालकको नाउँमा केही कर्म गर्ने प्रचलित परम्पराबाट कोलियहरूको प्रव्रज्या दीक्षाको संकेत गर्दछ।

महावंश अनुसार रामग्राम स्तूप गंगा किनारामा पर्दछ। त्यस बेला साना नदीहरूलाई पनि गंगा भन्ने चलन थियो। परासीस्थित रामग्राम स्तूप आज पनि नदी किनारामा छ। फाहियान जब यहाँ पूजार्थ आएका थिए, त्यसबेला कोलिय नगर नष्ट भै सकेको थियो र स्तूपको नजीकै एउटा पोखरी देखेको र स्तूपको सुरक्षा गर्ने नाग त्यसै पोखरीमा भएको कुरा पनि उनले लेखेका छन्। फाहियानको भनाइ अनुसार रामग्राम लुम्बिनीबाट ५ योजन पूर्वमा पर्दछ। उनको शब्दमा रामग्राम "ल न मो" हो।

Downloaded from http://dhamma.digital

ह्वेनसांग पनि रामग्रामलाई आफ्नो शब्दमा "ल न मो" नै भन्न् हुन्छ । उहाँको भनाई अनुसार रामग्राम लुम्बिनी-बाट २०० ली पूर्वमा पर्दछ । रामग्राम स्तूत विनाश भइसकेको नगरबाट दक्षिण पूर्व दिशामा पर्दछ । यो स्तूप इँटाले बनाइ-एको छ र १०० फीट उँचाइको छ । ह्वेनसांग त्यहां पुगेको बेला एक जना श्रामणेर स्तूप नजिकैको विहारमा बसिरहेका थिए । श्री भुवनलाल प्रधानज्यूको अनुसार ह्वेनसांग यहां ६३६-६३७ ईसवीमा आएका थिए ।

माथि उल्लेख गरे अनुसार केही शताब्दी सम्म बौद्ध तीर्थ स्थलहरूको प्रसिद्धि र यात्रा परम्परा बिर्सिदै गए पछि पुनः एशियाई जागरणमा बंगाल एशियाटिक सोसाइटीको स्थापना संग संगै बौद्ध तीर्थस्थलहरूको खोज हुन लाग्यो । लुम्बिनी र कपिलवस्तु संगै रामग्रामको पनि खोज हुन थाल्यो । कनिघंमले रामग्राम, कुशीनगर र कपिल-वस्तुको फाहियान र ह्वेनसांगको वर्णन क्रमको दूरीलाई विचार गरेर देवकाली भन्ने ठाउँलाई रामग्राम हुनु पर्ने विचार व्यक्त गरेका छन । परन्तु दिशाको कुरालाई उपेक्षा गरेकोले उहाँको अनुमान सत्य हुन सकेन । कारलाइलले एउटा स्तूपको भग्नावशेष भएको आधारमा देवरियाको रामपुरलाई रामग्राम माने । तर यहाँ स्तूप नजीकै नदी खोलादि केही नभएको र दूरत्वको हिसाब नमिलेकोले मान्य हुन सकेन । स्तूप पनि दक्षिण पूर्वमा हुनुपर्नेमा उत्तर पूर्वमा परेको छ । स्मीथ नेपाल र गोरख-पुरको सीमामा धर्मपुरीको यताउति रामग्राम खोज्न सल्लाह

Downloaded from http://dhamma.digital

दिन्छन । त्यसैले राजबली पाण्डेयले गोरखपुरको रामगढ ताल नै रामग्राम हुनसक्ने अनुमान गर्छन । तर लुम्बिनीबाट हुनुपर्ने दूरीको हिसाबले यो ठाउँ धेरै नै मेल खांदैन र त्यहाँ कुनै स्तूपको अवशेष पनि भेटिएको छैन । यिनै आधारमा भरतसिंह उपाध्यायले रामग्राम नेपालको तराई भागमा नै खोज्नुपर्ने सुझाव दिन्छन् ।

नवलपरासी स्थित स्तूप नै वास्तवमा रामग्राम स्तूप हो । अहिले पनि यो स्तूपावशेषको उचाई पचास फीटभन्दा कम छैन । स्तूपको नजीकै नदी वा खोला पनि आजसम्म बगिरहेकै छ । झोराही खोलाको किनारामा अवस्थित यो स्तूपलाई १८८९ ईसबीमा नै ह्वले देखेका थिए । उनले यो स्तूपलाई रामग्राम स्तूपै हो भन्ने किटान नगरे तापनि स्तूपको बारेमा स्पष्ट लेखेका छन । बाबुकृष्ण रिजालको अनुसार कोलियहरूद्वारा पवित्र अस्थिधातु राखेर बनाइएको स्तूप नवलपरासीको स्तूप हो । डा० तुलसीराम बैद्यको भनाइ अनुसार सय स्तूपको शैली र आकार प्रकार तथा यसका इँटाहरू कपिलवस्तु र कुशीनगरका स्तूपहरूसग मिल्दछन् ।

केही वर्ष अघि भिक्षु शाक्यानन्द महास्थविरले यस रामग्राम स्तूपको संरक्षणतिर केही ध्यान आकर्षित होस् र जनतामा जागरूकता आओस् भन्ने विचारले नामपट्ट राखिदिनु भयो । गत वर्ष यो महान ऐतिहासिक स्तूप पूर्णत: बेवास्ता परेको स्थितिबाट जोगाउन लुम्बिनी विकास समितिबाट यस

Downloaded from http://dhamma.digital

स्तूपलाई काँडे तारले घेरी यस स्तूपलाई अरू विध्वंशबाट केही सुरक्षा प्रदान गरियो । चीनिया यात्रीहरूको विवरण, स्तूपको आकार प्रकार र नदी किनारामा रहेको स्तूपको अवस्थितिबाट स्पष्ट हुन्छ, पवित्र अस्तिधातुमय प्राचीनतम ८ वटा स्तूपहरू मध्येको रामग्राम स्तूप यही स्तूप हो । यसको वैज्ञानिक रूपले उत्खनम गरे हामीलाई ती पवित्र अस्थिपुंजको दर्शन मिल्नेछ, जुन अस्थि अवशेष पाउनाका लागि कोलिय क्षेत्रीयहरू कुशीनगरसम्म शस्त्रअस्त्र सहित लड्न आएका थिए र अन्ततः तथागतको सम्पूर्ण शरीरको अवशेष मध्येको ८ भागमा १ भाग पाएका थिए एवं श्रद्धा भक्तिपूर्वक देशकै नाउँबाट रामग्राम स्तूप बनाई अस्थिधातु स्तूप भित्र प्रणिधान गरेका थिए ।

(गोरखापत्र : २५ वैशाख २०३१)

Downloaded from http://dhamma.digital

# एस धम्मो सनन्तनो

[श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारका समुपस्थितिमा बीरगंजमा भएको हिन्दू सम्मेलनमा दिनु भएको प्रवचन । –संपादक]

पबित्र धरती नेपालको लुम्बिनीमा जन्मनु भएको बुद्ध र बुद्धका उपदेश बारेमा सीमित समयभित्र समुचित रूपमा भन्ने क्षमता म मा छैन । एक कलाकारको कलाकृति हेर्नलाई कलामर्मज्ञको आँखा अनिवार्य छ भने एक महाकविको कविताको रसपान गर्नलाई कवित्वको गुण हुनुपर्दछ भने रागमा अनुरक्त नहुने, द्वेषमा दूषित नहुने र मोहमा अभिभूत नहुने बुद्धको दर्शन गर्न बुद्धधर्मलाई पाउन राग, द्वेष र मोहमा अभिभूत र आप्लावित भइकन सम्भव छैन । यी राग, द्वेष र मोहमा विजय पाउँदै जान मानिस धार्मिक र कर्तव्यनिष्ठ हुँदैजानु पर्दछ ।

यहाँ हाम्रो राष्ट्रिय झण्डासँगै अनेक धर्म र दर्शनलाई अभिव्यक्त गर्ने अनेक रंगका विभिन्न आकार प्रकारका अनेक झण्डाहरू सँगैसँगै फरफहराइरहेका छन् । कहीं गेरुवा रंगको

Downloaded from http://dhamma.digital

चतुष्कोण झण्डाहरू छन् । भने अर्कोतिर "छ वण्ण रंसि," छःवर्ण रश्मिको प्राचीन अभिधारणामा निर्मित बौद्ध झण्डा छ ।

नीलो, पहेंलो, रातो, सेतो र कलजी रंगको यो झण्डा ! तथागत अर्हत् सम्यक् सम्बुद्धको केश, चीवरवस्त्र, रगत, हाड र मुटुको सम्झना दिने यो झण्डा ! पहिलो रंग नीलो रंग, न्यायको प्रतीक हो । न्याय दिनु र न्याय पाउनु मानिस मात्रको कर्तव्य र अधिकार हो । "बाँच र बाच्न देऊ" बुद्धाले हाम्रो निमित्त दिनु भएको अहिंसा धर्मको आधारशिला हो । यो आधारशिला संस्थापित गर्न बुद्ध, बोधिसत्त्व, महापुरुष, महामुनि, जिन, सन्त र सम्राट्हरूबाट आफू उत्सर्ग भएर पनि अरूलाई बचाउने आदर्शबाट अभिप्रेरित र अनुप्राणितभई माथि उठाइराखेको हुन्छ । सिद्धार्थले महाभिनिष्क्रमण गर्नुभयो । त्यसपछि सर्वप्रथम उनले आफ्नो तलबार म्यानबाट झिकेर के गर्नुभयो ? राजकुमार सिद्धार्थले रक्षाधर्मसँगै एक नयाँ आदर्शको प्रतिपादन गर्न आफ्नो तलवारबाट आफ्ना लामा लामा केश काट्नुभयो । माया, ममता माथि विजयको यहीं पहिलो क्रियात्मक महान् आदर्श हो । जति जति माया मोहबाट विरतिको स्तरबाट न्याय हुन्छ, त्यति त्यति नै न्यायको मानवतावादी विशुद्धता र गहनता गहिरो हुन्छ ।

पीत रंग बुद्धको चीवरको स्मृति दिने करुणाको प्रतीक हो । बुद्धको प्रज्ञाले सधैं महाकरुणाको परिधान लाएको

Downloaded from http://dhamma.digital

हुन्छ । न्याय र करुणाको बीचमा सामञ्जस्यता राख्नु, व्यवहार र आदर्शको बीचको फासला राख्न नदिनु सम्यक् प्रज्ञा विना सम्भव हुँदैन ।

बौद्ध झण्डाको तेश्रो रंग रातो रंग हो । बुद्धको ४५ वर्षसम्मको बहुजन हिताय र बहुजन सुखायमा सक्रिय सजग प्रवाहमय रगतको प्रतीक रंग हो । यो सेवाको प्रतीक हो । हाम्रो रगत, रगत पिपासु बन्नलाई होइन, रगतपातको अशान्तिको कारण बन्नलाई होइन, मानव बन्धुको शोषण गर्नलाई पनि होइन, अपितु सेवाको लागि हो । शान्तचित्तबाट क्रियागर्नु सेवाको लागि हो । शान्तिक्षेत्र नेपालको निर्माणार्थ यही सेवाको रगतको सक्रिय प्रवाह जरूरत छ । यस झण्डाको रातो रंगले रगतदानको प्रेरणा मात्र दिँदैन, अपितु प्रतिपल यो रातो रगत स्वच्छ र शुद्ध रूपमा प्रवाहित हुनदिन स्वस्थ, शान्त एवं प्रणीत मन संसार निर्माण गर्ने वरद शक्ति पनि प्रदान गर्दछ ।

सेतो रंग बुद्धको हाडको पवित्रताको प्रतीक हो । हाम्रा शरीरको आकार प्रकारको आधार हाडहरू हुन् । मानिसको अस्तित्वको आधार पनि पवित्रता हो । अपवित्रताको अवस्थामा, अपवित्रको अनुपातमा, अपवित्रताको स्वरूपमा हामी हाम्रो आँखामा मानिस भएता पनि धर्मदर्शनको भाषामा मानिसहरू भूत, प्रेत, पिशाच र राक्षस पनि हुनसक्दछन् ।

बुद्ध महान् र पवित्र छन त्यसैकारण २५०० वर्ष पछि उनको अग्निसंस्कार पछिको अवशेष अस्थि आजसम्म पनि

Downloaded from http://dhamma.digital

विश्वमा पूजनोय छ । हाम्रो देशमा पनि आनन्दकुटी विहार र गण महाविहारमा हेर्नसक्ने रूपमा अस्थिधातुहरू छन् । स्वयम्भूको कर्मराज गुम्बा र लुम्बिनी स्थित नेपाली कलात्मक बुद्ध–प्रतिमामा पवित्र अस्थिधातुहरू निधान गरिएका छन् । अघि अघिका लुम्बिनी र कपिलवस्तुको उत्खनन अवस्थामा पवित्र अस्थिधातुहरू पाइएको कुरा सुनिन्छ । लुम्बिनी गुरुयोजना अन्तर्गत लुम्बिनी र कपिलवस्तुको अब हुने उत्खनन क्रममा पनि यस्तै अरू अस्थिहरू पाउनेछन् । प्राचीन वाङ्मयात्मक परिप्रेक्षबाट विचार गर्दा नवलपरासी स्थित रामग्राम स्तूपमा अस्थिहरू पाउने सम्भावना झन निः सन्देह अवस्थामा पुऱ्याउँछन् । वीरगंज स्थित स्तूपाकारको अवशेषलाई हेर्दा कमसेकम यो पुरातात्त्विक अध्ययन अन्वेषणको विषय भएको धारणा बनेको छ । यस अवशेष थुम्कोलाई आजकाल भिछुवा भगवानपुर भन्ने गरेको छ । यहाँ एउटा बौद्धविहार बनाउनलाई राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट निगाह पनि गरिबक्सिसकेको छ । स्तूपावशेष नजिकै वीरगंज बौद्ध समितिको बौद्ध विहार बनेर स्तूपावशेषको पुरातात्त्विक अध्ययन अन्वेषण भए यो एउटा इतिहासकै क्रममा एक महत्वपूर्ण देन हुनेछ ।

कलेजी रंग ! बुद्धको मुटुको रंग ! अनुशासनको प्रतीक ! बुद्धधर्ममा अनुशासन मानवको मुटु हो । बौद्ध संस्कृतिको भाषामा अनुशासन नभएको मानिस मुटु नभएको मानिस हो ।

Downloaded from http://dhamma.digital

अनि यी सबै रंगहरूको एकाकार संगठित सम्मिलित एक रंग छ। स्वयं मूर्तिमान धर्मकाय बुद्ध! न्याय, करुणा, सेवा, पवित्रता र अनुशासनलाई हामीले आ–आफ्नो क्षेत्रबाट आत्मसात् गर्नसके अमृतपानको आनन्द पाइनेछ। न्याय, करुणा, सेवा, पवित्रता र अनुशासनको शिक्षा बुद्धको मात्र संदेश होइन। किनभने सदाचारको शिक्षा बुद्धभन्दा अतीतको शिक्षा हो। हाम्रो आचार संहितामा यस्तै मानव–संस्कृतिलाई नैसर्गिक रूपमा विकास गर्न आधार बन्ने प्रकारको बनाउनु पर्दछ, न कि धर्म विशेषको आदर्श बन्धन भार! आचार संहिता कानून मर्यादित र शक्ति–पोषित प्रकारको होइन, स्वच्छ हृदयबाट आत्मसात् गर्दै स्वागत अभिनन्दन गर्नसक्ने प्रकारको हुनु पर्दछ। आचार संहितामा प्रतीक बिशेष, प्राणी विशेषको मर्यादा र भाषा विशेषको मोहाकाशभन्दा माथि पुगेको बनाउने प्रयास गरौं। बुद्धको उपदेश छः–

नहि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं।
अवेरे न च सम्मन्ति, एस धम्मो सनन्तनो॥

यही सनन्तन धर्म हो। यही आर्य धर्म हो। तर बुद्ध-दर्शनको आर्य शब्द मुखाकृति र अनुहारको रंग विशेषसंग-सीमित छैन।

न तेन अरियो होति, येन पाणानि हिंसति।
अहिंसा सब्बपाणानं, अरियो ति पवुच्चति॥

यस आर्य–दर्शनमा अनुहारको आकृति छैन, बदनको

Downloaded from http://dhamma.digital

रंग छैन । वैदिक, जैन, बौद्ध, शैवी, वैष्णव, शाक्त, शिख आदि जुनसुकै धर्मका अनुयायी होस्, सबै धर्मावलम्बीहरू यस आर्य परिभाषा भित्र परिवेष्ठित छन् । यही परिवेष्ठनलाई स्वीकार गर्न सके मात्रै "वसुधैव कुटुम्बकम्" आदर्श काय, वाक् र चित्तबाट स्वीकार गर्न सक्नेछ भन्ने हामी सबैमा ज्ञातै छ ।

भवतु सब्ब मङ्गलं, रक्खन्तु सब्बदेवता ।
सब्ब बुद्धानुभावेन, सदा सोत्थि भवन्तु ते ।।

भवतु सब्ब मङ्गलं, रक्खन्तु सब्बदेवता ।
सब्ब धम्मानुभावेन, सदा सोत्थि भवन्तु ते ।।

भवतु सब्ब मङ्गलं, रक्खन्तु सब्बदेवता ।
सब्ब सङ्घानुभावेन, सदा सोत्थि भवन्तु ते ।।

[आनन्द भूमि : वर्ष १ । अंक १ : बु. सं. २५२५मा प्रकाशित]

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भगवान बुद्ध र उहाँको सन्देश

"चरथ, भिक्खवे, चारिकं बहुजनहिताय बहुजनसुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देव मनुस्सानं। मा एकेन द्वे अगमित्थ। देसेथ, भिक्खवे, धम्मं आदिकल्याणं मज्झेकल्याणं परियोसानकल्याणं सात्थं सव्यञ्जनं केवलपरिपुण्णं परिसुद्धं ब्रह्मचरियं पकासेथ।"

भिक्षुहरू, बहुजनको हितको निमित्त र बहुजनको सुखको निमित्त लोकमाथि अनुकम्पा राखी देव मनुष्यको हित सुखका लागि चारैतिर चारिका गर। एउटै बाटोबाट दुई जना नजाऊ। भिक्षुहरू, आदि कल्याणकारण, मध्य कल्याणकारण र अन्तमा कल्याणकारक धर्मको देशना गर्दै सर्वांशमा परिपूर्ण परिशुद्ध ब्रह्मचर्य प्रकाश गर।

सामाजिक व्यवस्था एक गतिशील व्यवस्था हो। यस गतिशील व्यवस्थामा केही तत्त्वहरू फालिदै जाने हुन्छ र केही तत्त्वहरू टाँसिन्दै आइरहेको हुन्छ। तर यस फालिने क्रममा अनावश्यक तत्त्वहरू मात्रै रहने र टांसिन्दै आइरहने क्रममा आवश्यक तत्त्वहरू मात्रै रहने छ भन्ने कुनै खास नियम छैन।

Downloaded from http://dhamma.digital

ईसाको छैठौं शताब्दी पूर्वको बुद्धको समाजमा कैयौं यस्ता कुराहरू टाँसिन्दै आइरहेका थिए, जुन मानव समुदायको बहुजन हित र सुखको लागि ल्याउनु वा छोड्नु आवश्यक भइ सकेको थियो । यो आवश्यकता यति चर्को भइसकेको थियो कि दुई क्षमतावान भएका भिक्षुहरू एउटै बाटोबाट गएर प्रचार प्रसार गर्न समेत नहुने स्थिति भइसकेको थियो ।

## बुद्धको समयको राजनीतिक स्थिति

भगवान बुद्ध जन्मनु भएको थियो– लुम्बिनीमा, हिमालयको काखमा, उसीरध्वज पर्वत भन्दा दक्षिण "मज्झिम देस" मा । लुम्बिनी, कपिलवस्तु र देवदह बीचको एक शालोद्यान थियो । कपिलवस्तु शाक्यहरूको जनाकीर्ण मुख्य नगर (राजधानी) हो । तत्कालीन ७ प्रसिद्ध गणतन्त्र राज्यहरू मध्ये "हिमवन्तपस्से" हिमालयको पार्श्वमा स्थित यस गणतन्त्रको पूर्वमा कोलिय जनपद संगको रोहिणी नदी सीमा, दक्षिण-पूर्वमा वीर मल्लहरूको गणतन्त्र, पश्चिममा कोसलको मुख्य नगर श्रावस्ती थियो । त्यस बेला सम्म शाक्यराज्यमा श्रावस्ती कोशलराज्यको प्रभाव प्रभुत्व परिसकेको थियो ।[२]

वास्तवमा त्यस युगका शक्तिशाली राज्यहरूको राज्य-विस्तारबाट प्रजातान्त्रिक राज्यहरूमा आपद परिरहेको थियो । बुद्ध भन्दा तीन पुस्ता अगाडी कोशलले काशीमा आफ्नो संप्रभुत्व जमाइसकेको थियो भने मगधले चाही अंगलाई विस्तारै आफ्नो घेरा भित्र ल्याइरहेको थियो । अनि बुद्धको महापरि-

Downloaded from http://dhamma.digital

निर्वाणको तीन वर्ष पछि मगधले वर्षाकार ब्राह्मणको कूटनैतिक सहयोग लिएर लिच्छविहरूको गणतन्त्रमा पनि ठूलो प्रहार गरे ।[३]

साम्राज्य–विस्तार आकांक्षीहरूबाट युद्धमा पराजित भएर मर्नु परेता पनि स्वर्गलाभको आकर्षण दिएर जनसमाज-आई युद्धमा होमीरहेको देखिन्छ । अस्सारोही गामणिले बुद्धसंग सोधेको थियो, "भन्ते, मैले अघि अघिका आचार्य प्राचार्यहरूले भनेको सुनेकोछु । जुन घोडासवार संग्राममा उत्साहित हुन्छ, बल देखाउंछ, त्यस्ता उत्साहित हुने, बल देखाउनेलाई अरुले मारि दिए वा ज्यान लिएता पनि मरण पछि उ पराजित भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ । यस सम्बन्धमा भगवान के भन्नु हुन्छ ?" यस विषयमा कुरा नसुन्न भन्नु भएता पनि ग्रामणिको बार बारको आग्रह पछि बुद्धले उसलाई भन्नु भयो, "यो मिथ्यादिट्ठि हो । यस्ता दृष्टि भ्रममा पर्नेहरूको दुईमा एक मात्र गति हुनेछ, नरक योनी वा तीर्यक योनी ।" बुद्धको कुरा सुनेर अस्सारोह गामणि क्वां क्वां रुनथाल्यो ।[४]

## आर्थिक विषमताको समाज

बुद्धकालीन समाजमा कोही असाध्य सम्पन्नवान भए बहुसंख्यक जनता दरिद्र थिए । अनाथपिण्डिक सुनको सिक्का बिछाएर जमीन किन्न सक्ने क्षमताको महाजन भए धनञ्जय आफ्नो छोरीलाई दाइजोमा ९ करोड मूल्यको गहना सहित

Downloaded from http://dhamma.digital

पाँचशय दास दासी दिन सक्ने धनी थिए । राजगृहको नैगम अम्बपालीको नृत्य वाद्यबाट प्रभावित भई मगध राजा कहां त्यस्तै नगर शोभिनीको व्यवस्था आफ्नो राजगृहमा पनि गर्न आग्रह गर्न सक्दथ्यो । अनेक पशुहरूको जुधाई र अनेक खेलहरू यिनीहरू नै हेर्ने गर्दथे । मेण्डक महाजनलाई कोशलले मगधबाट मागेर लगेको थियो । किनभने महाजन विना राज्य अशोभनीय मानिन्थ्यो ।

यस्ता धनीहरू मध्ये बुद्धको धर्म प्रचार पूर्व यश र पिप्पलि माणवक जस्ता केही वैभवबाट विरक्त भएता पनि प्राय: महाजनहरू हिंसायुक्त यज्ञकै प्रश्रयमा गरीबहरूको विद्रोह-बाट आरक्षित भइ विलासी जीवन बिताउन्थे । यिनीहरूको सम्पन्नताको कारण व्यापार र कृषि थियो ।

सम्पन्न हुनेमा ब्राह्मणहरू पनि निक्कै थिए । मगधको कसीभारद्वाज पाँचशय हल जोटाउन सक्ने अनुपातको भूमिपति थियो ।[५] अंगको चम्पानगर सोणदण्डलाई र मगधको खाणुमत कूतदन्तलाई राजा विम्बिसारले दान दिएका थिए ।[६] कोशलराज प्रसेनजितको पुरोहित मध्येमा एक पुरोहित तोदेय्य ब्राह्मण अनेका गाउँ, खेत सहित ४५ करोड सम्पत्तिको मालिक थियो ।[७] त्यस्तै ऋषिबाट शास्त्रविद्या पढेर प्रभाव-शाली बनेका पुष्करसाती ब्राह्मणलाई प्रसेनजितले उक्कप्न महानगर नै ब्रह्मदानको रूपमा दिएको थियो ।[८] यी मात्र केही उदाहरणहरू हुन् ।

Downloaded from http://dhamma.digital

## विभिन्न काम गर्ने कामदार र दास दासो

समाजको सर्व साधारण मानिसमा खेतिको काम गर्ने अतिरिक्त अनेक अरू अरू पेशाहरूमा लाग्ने मानिसहरू पनि छन् । सामय्यसूत्रबाट मात्रै हिसाब गर्ने (गणका), छाप्ने (मुद्दिका), माहुते (हत्थारोहा), सइस (अस्सारोह), रथ बनाउने र चलाउने (रथका), भान्छे, नाउ, माली, धोबी, कुम्हाले, बेत बाँसको बस्तु बनाउने, कपडा बुन्ने, हलुवाई (सुदा), आज हाम्रो समाजबाट लोप भइसकेका नुहाइदिने (नहापका) र दास काम गर्ने वर्गको परिचय पाइन्छ ।[९] स्वर्णकार र राम्रा शाल कपडा बुन्नेहरूको आर्थिक स्थिति त्यति खराब थिएन । मजदूरलाई त्यसबेला 'भत्तक' भनिन्थ्यो । जातकीय चित्रण अनुसार यिनीहरूको गुजारा सारै मुश्कील संग हुन्थ्यो ।[१०] दिनभरिको काम पछि मजुरी पाउन पर्खिरहनुपर्ने यी मजदूरहरू "मरणं नाभिकंखामि, नाभिकंखामि जीवित" मर्न पनि न चाहने जिउन पनि नसक्ने प्रकारका हुन्थे ।[११] दास दासीको जीवन त झन दुरुह थियो । उनीहरूलाई पिटेर काम गराइन्थ्यो ।[१२] दण्डभयबाट त्रसित भएर काम गरिरहनु पर्दथ्यो । पिप्पलि माणवक संग १४ दास गाउँ थिए र वहां एक दिन एक एक दासलाई मुक्त गरेर मात्र श्रमण हुन चाहेको भए शायद जीवन नै बिति हाल्थ्यो, यिनीहरूको संख्या यति थियो ।

यी मानिसहरू मध्ये कोही पनि यज्ञ गर्न सक्दैनथे । न त पाप प्राक्षालनका लागि तपश्चर्या नै गर्न सक्दथे ।

Downloaded from http://dhamma.digital

उता दर्शनको जाल उनीहरूको दिमागको लागि टाढाको विषय थियो । यसरी दुःखित, पीडित एवं दरिद्र यस जनसमाजका लागि हृदयमा शान्तबना पाउने कुनै धर्म वा आदर्श त्यहाँ थिएन । यस स्थितिमा बुद्धको शील उनीहरूको लागि एक शीतल छाया थियो । दासदासीहरू समेत उपोसथका दिन अष्ट शील लिन्थ्ये । भिक्षु भिक्षुणी र उपासक उपासिकाहरूको समूहमा आफुलाई राखेर धर्मको उपदेश सुन्न पाउनु उनीहरूको लागि ठूलो वरदान थियो । उपदेश सुन्न चाहेर पनि आ-आफ्ना चाहना मनमा राख्दै विवशतः दिनभर हराएको गाई खोजेर आइकन मात्र उपदेश सुन्न आउने गोठाला, बुबाको डरबाट दिनभर धागो काटी बल्ल बुद्ध कहाँ उपदेश सुन्न आउने पेस्सकार धीता, एउटै मात्र धोती भएर लोग्ने र स्वास्नी पालो पालो गरी धर्म कथा सुन्न आउने "एक सातक" यस प्रसंगमा स्मरणीय छन् ।

बुद्धको शील गुणधर्म यिनीहरूलाई त्यस्तै पालन गर्न सक्ने र पालन गर्न हुने भए जस्तो कि सम्पन्न व्यक्तिहरूलाई ! पहिला त बुद्धले आफ्ना भिक्षु संघमा यी दास दासीलाई पनि उपसम्पन्न हुने शरण स्थान दिनु भएको थियो, तर पछि यसमा नियंत्रण गर्नु पर्‍यो । उता बुद्धले पनि मानिसको (दासदासीको) दानदातब्य रोक्नका लागि अष्टाङ्ग मार्गी बन्न सम्यक् आजीविकाका लागि प्राणी मात्रको लेनदेनमा प्रतिबन्ध लगाइ दिनुभयो ।

Downloaded from http://dhamma.digital

## हिंसायुक्त यज्ञ र बुद्धको उपदेश

बुद्धको समय सम्म पशुधन, हिरण्य र धान्य नभएका स्वाध्याय र पठन पाठन नै धनधान्य मान्ने ब्रह्मचर्य र अहिंसा पालन गर्ने ब्राह्मणहरू अतीतको आदर्श भइसकेको थियो। भगवान बुद्ध यसको कारण देखाउन्दै भन्नु हुन्छ, "विस्तार विस्तारै राजाको सम्पत्ति, समलंकृत आइमाईहरू, राम्राराम्रा घोडाहरू, बुट्टेदार रथहरू, कोठाहरू भएका घरहरू हेरेर तिनीहरूको मन विचलित भयो। अनि गौमण्डलीबाट घरिएका र सुन्दरीहरू भएका विपुल सम्पत्तिको हुनलाई लाभ गर्न थाले। सम्पन्न कहाँ भइकन भन्न थाले, "पहूत धन धम्मोसि, यजस्सु बहु ते धनं।" अर्थात तिमीसंग थुप्रै सम्पत्ति र धन छ, यज्ञ गर"। अनि उनीहरूको कुरामा लागेर अश्वमेघ, पुरुषमेघ जस्ता यज्ञ गर्न थाले र ब्राह्मणहरूलाई धन दिए। यस्तै दान-दक्षिणा पाउन्दै "यजस्सु बहु ते वित्तं, यजस्सु बहु ते धनं" अर्थात् "तिमीसंग थुप्रै सम्पत्ति छ यज्ञ गर, तिमीसंग थुप्रै धन छ, यज्ञ गर" भन्दै ब्राह्मणहरूले पादबाट, सिँगबाट वा अरू कुनै अंगबाट कसैको हिंसा नगर्ने बरू घडा घडा दूध दिने बिचारा गाईहरूको हिंसायुक्त यज्ञ गऱ्यो।[१३] बुद्धकालीन समयमा प्रचलित सैकडौं वृषभहरू, सैकडौं बाछाहरू, सैकडौं बाछीहरू, सैकडौ बोकाहरू मार्नु पर्ने अनेक हिंसायुक्त यज्ञहरू प्रचलित थियो।[१४]

यस्ता यज्ञ जन समाजबाट गर्न सक्ने थिएन। यसबाट यज्ञ गर्नेलाई बाहेक जन–साधारणलाई केही लाभ पनि हुन्दै-

Downloaded from http://dhamma.digital

मथ्यो । यो हिंसायुक्त यज्ञ त राजन र सामन्त धनी-हरूका लागि विलासी जीवन बिताउन पाइरहन एक निरापद धर्मको छत्रछाया मात्र थियो । अतः बुद्धको यज्ञको विरोधलाई धर्मको दृष्टिकोणबाट मात्र हेर्नु उचित छैन । यज्ञको छत्रछाया नपाउंदा विलासी र शोषकहरूको मनोबलमा प्रभाव पर्ने स्वतः सिद्ध छ । महाकारुणिक तथागत यज्ञको बारेमा भन्नु हुन्छ,

एकजनाले हजारौं दक्षिणा दिएर महीनौं महीनाको शयौं वर्ष सम्म यज्ञ गऱ्यो अर्को मानिसले कुनै परिशुद्ध मनभएको व्यक्तिको मुहूर्त भए मात्र सत्कार गऱ्यो । शयौं वर्ष यज्ञ गरेको भन्दा मुहूर्त मात्रको सत्कार पूजा नै श्रेष्ठ छ ।

एक जनाले शय वर्ष सम्म बनमा बसी यज्ञ गऱ्यो अर्को मानिसले कुनै परिशुद्ध मन भएको व्यक्तिको मुहूर्त भर मात्र सत्कार गऱ्यो । शय वर्षको यज्ञभन्दा त्यो मुहूर्त मात्रको सत्कार पूजा नै श्रेष्ठ छ ।[१५]

यो भन्दा राम्रो करुणापूर्ण विरोध शैली धार्मिक-जगतमा अरू के हुन सकिन्छ ?

## जातिवाद र बुद्धद्वारा यसको खण्डन

तर यज्ञवादीहरू नैतिक धर्मलाई महत्त्व दिन पटक्कै चाहन्दैनथ्यो । आफ्नो घरमा आगो बालेर हवन सामग्री तयार गरिरहेका अग्निभारद्वाजले भिक्षापात्रका साथ दैलोमा उभिन

Downloaded from http://dhamma.digital

आएका बुद्धलाई देख्ने वित्तिक्कै भन्यो, "तत्रेव, मुण्डक, तत्रेव, समणक, तत्रेव वसलक, तिट्ठाहि।" अर्थात् "हे मुण्डक, हे श्रमण, त्यहीं रह। हे चण्डाल (वसल) त्यहीं रह।" तर बुद्धले त्यसलाई बसल बनाइने तत्त्व बारेमा बिस्तारै समझाउनु भयो। बुद्धका यी सबै कुराहरू, आचार, विचार र मन शुद्ध गर्ने प्रकारका थिए। बुद्धको प्रारम्भिक उपदेशको केही अंश हो, "जब मानिस क्रोधी र वैरी हुन्छ, पापी र इर्ष्यालु हुन्छ, मिथ्यामतधारी र मायावी हुन्छ, त्यसैलाई वसल भनिकन जान।" बुद्धको उपदेशको अन्तिम सारांश हो, "कोही पनि व्यक्ति जन्मबाटै वसल हुन्दैन, न कुनै व्यक्ति जन्मबाटै ब्राह्मण हुन्छ। कर्मबाटै मानिस वसल हुन्छ, कर्मबाटै मानिस ब्राह्मण हुन्छ।"[१६] बुद्धको यस उपदेशको प्रारम्भिक अंशमा तत्कालीन जातिको अभिमानी मिथ्याधर्मवादी प्रतिको धार्मिक प्रतिवाद भए अन्तिम अंशमा मानवतावादको घोषणापत्र छ।

मानिसको मूल्यांकन जन्मगत कारणबाटै गर्ने त्यस समाजका लागि बुद्ध जाति-विहीन महामानव अकिंचन हुनुहुन्थ्यो। कपाल खौरिएकाहरूमा पनि कुनै कुनै ब्राह्मण हुन्छ भन्ने विचार भएका सुन्दरिक भारद्वाजले भगवान बुद्धसंग सोधे "न किं जच्चो भवंति ?" अर्थात "तपाईं कुन जातिको हुनुहुन्छ ?" बुद्धको उत्तर थियो–

"न ब्राह्मणो नोम्हि न राजपुत्तो
न वेस्सायनो उद कोचि नो म्हि।

Downloaded from http://dhamma.digital

गोत्तं परिञ्ञाय पुथुज्जनानं
अकिंचनो मन्त चरामि लोके ।।"

म न त ब्राह्मण हूँ, न क्षेत्री, न वैश्य र न अन्य कुनै अरु जाति कै हूँ । साधारण मानिसहरूको गोत्र भन्नेकुरालाई राम्ररी जानेर म विचार पूर्वक अकिंचन भावनाबाट संसारमा विचरण गर्दैछु । त्यस कारण तिमीले म संग "जच्चा" "जन्म" सोधेर अनुचित काम गऱ्यौ ।[१६]

यसरी अत्यन्त अल्पसंख्यक व्यक्तिसमुहलाई उच्च र बहुसंख्यक जनतालाई क्रमशः नीच माने जातिवाद बहुजन हिताय सुखायका लागि जहां खण्डनीय विषय हुनु नै थियो, त्यहीं वास्तवमा समाजका लागि समाज संरचनाका लागि यो एक अमूल्य वरदान पनि हो ।

## तापस र श्रमणवर्ग

सम्पन्न बिलासी समुह र गरीब वर्गको बीचमा एक अर्को समुह देखा पर्दछ । यिनीहरू मध्येमा कोही उदेक लाग्दो शारीरिक संक्लेशको तपश्चर्य्यामा संलग्न भए कोही दर्शन-जालमा उल्किरहेका थिए । यी दर्शन-जालका थुप्रै आचार्यहरू मध्ये ६२ आचार्यहरूको दर्शन ब्रह्मजाल सूत्रमा उपलब्ध छन् ।

यस ६२ दार्शनिक विचार धाराहरूलाई संक्षिप्त रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

१–४ सस्सतवाद I समाधि प्राप्त चित्तबाट अनेक लाख जन्मको स्मृति साक्षि राखेर, II दश संवर्त कल्पको स्मृति

Downloaded from http://dhamma.digital

साक्षि राखेर III, चालीस संवर्त कल्पको स्मृति साक्षि राखेर र IV आफ्नो तर्कबाट विचार गर्दै लोक एवं आत्मा नित्य मान्ने शाश्वतबाद

५–८ एकच्चसस्सतिक : I ब्रह्मा र महाब्रह्मादि नित्य, ध्रुव, शाश्वत, अपरिणाम धर्मा र अचल मानेर ब्रह्माद्वारा निर्मित आफुहरू अनित्य, अध्रुव, अशाश्वत, परिणामी र मरणशील मानेर, एकातिरबाट शाश्वत र अर्कोतिर अशाश्वत दृष्टि लिने, II त्यस्तै कोडाप्रदूषिक देव मन प्रदूषिक देव हुने अशाश्वत र नहुने शाश्वत मान्ने र, IV अनि तर्क एव न्यायको आधारमा चक्षु श्रोतादि अनित्यादि परन्तु चित्त, मन अथवा विज्ञान नित्यादि मान्ने ।

९–१२ अंतानन्तिका : I समाहित चित्तको धारणाबाट "लोक सअन्त" भन्ने, II "अनन्त" भन्ने, III माथिल्लो क्रमबाट "सअन्त" अनि दिशाहरू तिर "अनन्त" भन्ने र IV आपनो तर्कको आधारबाट यो लोक न शान्त छ न अशान्त छ भन्ने सअन्त-अनन्तवाद

१३–१६ अमराविक्खेपिका : I यो 'कुशल' र यो 'अकुशल' भनी पक्कासंग नजानिकन भनेको खण्डमा 'अकुशल' "कुशल" भई दिए वा 'कुशल' 'अकुशल' भई दिए मेरो मनाई असाय भाषण भएर मेरो मुक्तिको बाटोमा अन्तराय होला भनीकन असत्य भाषण पक्षको भय र घृणाबाट यस्तो पनि भनेको छैन उस्तो पनि भनेको छैन, अन्यथा पनि गरेको छैन भन्ने, II त्यस्तै असत्य-भाषण भए लोभ द्वेषादि भई उपादान

Downloaded from http://dhamma.digital

होला भनीकन, III असत्य-भाषण हुन गए विधात भई देला भनी काम, IV मन्द र महामूर्ख भइकन यस्तो पनि भनेको छैन उस्तो पनि भनेको छैन अन्यथा पनि गरेको छैन भन्ने

१७–१८ अधिच्चसमुप्पन्निका : आफ्नो समाहित चित्तको स्मरणमा आत्मा र लोक अकारणबाट उत्पन्न भएको मान्ने र आफ्नो तर्कको आधारमा अकारबाट आत्मा र लोक उत्पन्न भएको मान्ने ।

१९–५० उद्धम– आघातनिका : मृत्यु पछि आत्मा रूपवान, अरूपवान, रूपवान र अरूपवान, सअन्त, अनन्त, सअन्त र अनन्त, न सअन्त र न अनन्त, एकात्मसंज्ञी, नानात्मः संज्ञी, परिमित संज्ञी, अपरिमितसंज्ञी, दुःखी, सुखी-दुखी, सुख-दुख रहित, अरोगी र संज्ञी रूपमा, विचार गरी मरणान्त आत्मा सज्ञी मान्ने १६ सिद्धान्तहरू त्यस्तै अरूपवान, सअन्त र अनन्त आदि कारणबाट आत्मा असंज्ञी (वेहोशी) मान्ने आठ सिद्धान्त हरूः रूपवान, अरोग र नैवसंज्ञी नैवासज्ञी आदि कारणबाट आत्मा न होश भएको न होश नभएको मान्ने ८ सिद्धान्तहरू,

५१–५७ उच्छेदवाद : आमा-बाबुको संयोगबाट उत्पन्न शरीर नष्ट भएपछि आत्मा उच्छेद, विनाश र लोप भएको मान्ने, त्यस्तै अर्को लोकको पछि मात्र, अरु त्यस्तै क्रमशः माथिल्लो स्तरको अवस्थिति पछि आत्मा अन्तत : उच्छेदहुने मान्ने

५८–६२ दिट्ठ–धम्म–निब्बाण–वादी: "अत्त" (आत्मा) पाँच काम गुणहरूमा सांसारिक भोग गर्दछ यस कारण यसले

Downloaded from http://dhamma.digital

यसै यहीं संसारमा आंखाको सामु नै निर्वाण पाउने, V सांसारिक भोग अनित्य, दुःख र चलायमान भएकोले कामबाट टाढा भएर सवितर्क सविचार विवेकज प्रीति सुख भएको प्रथम ध्यान पाए पछि यहीं निर्बाण पाउने, IV वितर्क विचार स्थूल भएकोले वितर्क विचारबाट शान्त भएर एकाग्र भई प्रीति सुख पाए पछि यहीं निर्बाण पाउने, IV प्रीति स्थूल भएकोले प्रीति र विरागबाट उपेक्षित भई स्मृतिमान सुख विहारी भएपछि यहीं निर्बाण पाउने V सुखोपभोग पनि स्थूल भएकोले म सुख न दुःखको उपेक्षा र स्मृतिबाट परिशुद्ध भए पछि यहीं निर्वाण पाउने।

बौद्ध वाङमय अनुसार यी ६२ दर्शन जालहरूको फुण्डै सार प्रतिनिधित्व गर्ने छः प्रसिद्ध आचार्य समुहबाट सम्पन्न अधिकृत वर्ग प्रभावित भएको देखिन्छ। यिनीहरू कै शिफारिसमा एकदिन स्वयं अजातशत्रु तिनीहरू कहाँ गए। भगवान बुद्ध कहाँ अजातशत्रुले सुनाए अनुसार यी छः आचार्यहरूका सिद्धान्तहरू यस प्रकार छन्--

(क) पुरण कस्सप कसैले केही गऱ्यो वा गरायो, माऱ्यो वा मार्न लगायो, चोरी गऱ्यो वा गर्न लगायो, परस्त्री गमन गऱ्यो वा गरायो, असत्य वचन बोल्यो वा बोल्न लगायो तर पनि पाप लाग्दैन भन्ने अक्रियबादी थिए (अकिरियंव्याकासि)। (ख) मक्खलि गोसाल "संसारसुद्धि वा नियतिवादी" (संसार सुद्धि व्याकासि) थिए। उनको मत हो, प्राणीहरू अपवित्र हुनु वा शुद्ध हुनुको न कुनै हेतु न त कुनै कारण नै

Downloaded from http://dhamma.digital

छ । विना हेतु र विना कारणबाटै प्राणीहरू शुद्ध हुन्छन् । बल, वीर्य र पुरुषार्थ भन्ने प्राणी स्वयंमा केही पनि छैन । सबै कुराहरू नियति, संगति र स्वभावका परिणति मात्र हुन् । (ग) अजितकेस कंबल भन्नु हुन्छः- दान, यज्ञ आदी यी सबै केही पनि होइन । इहलोक र परलोक भनेको केही छैन । मृत्यु पछि चार महाभूतहरू चार महाभूतहरूमा नै मिलेर जानेछन् र इन्द्रियहरू आकाशमा विलीन हुन्छन् । मृत्युपछि मूर्ख र पण्डित दुवै उच्छेद हुन्छन् । यो उच्छेदवाद हो (उच्छेदं व्याकासि) । (घ) पकुध कच्चायन पृथ्वी, आप, तेज, वायु, सुख, दुःख र जीव यी सबै वंध्य, कूटस्थ, खम्भा जस्तै अचल मान्दथे । यी वस्तुहरू हल्लिदैन, बदलिदैन र आपसमा कष्ठदायक पनि हुदैन । यहाँ मार्ने–मार खाने, सुन्ने–भन्ने, जानिने–जान्न लगाउने भन्ने कोही छैनन् । कसैले तेज शस्त्रबाट कसैको टाउको काटे पनि उसले उसको शस्त्र खालि यी सात्त पदार्थहरूको अवकाश (रिक्तता) मा घुसारेको मात्र हो । यो वास्तविक रूपमा अन्योन्यवाद थियो । (ङ) त्यस्तै निगण्ठ नाटपुत्तको चातुर्याम संवरको उपदेश थियो भने (च) संजय वेलट्ठपुत्तको विचार विक्षेपवाद थियो (निक्खेपं व्याकासि) । परलोक छ वा छैन म भन्दिन । राम्रो र खराब कामको फल पाइन्छ यो पनि म मान्दिन, पाइन्दैन यो पनि म मान्दिन ।१८

यस्ता दार्शनिक तर्क वितर्कको तनावपूर्ण स्थितिमा सदाचार व्यवस्थाको कुनै आधार बन्नसकेको थिएन । समाजमा बहुजन अहित र असुख भैइराखेको थियो । यसको असर

Downloaded from http://dhamma.digital

सिद्धार्थको हृदयमा गहिरो संग परेको थियो । उनी भन्थे——

"पानी नपुगेको पोखरीमा जसरी माछाहरू छटपटाइरहेका हुन्छन्, त्यस्तै एक अरुको विरोधमा छटपटाइ रहेका मानिसहरूलाई देखेर मेरो अन्तःकरणमा भयको संचार भयो । चारै तिरको संसार असार जस्तो लाग्यो । मलाई यस्तो संदेह भयो, दिशाहरू काँपिइरहेका छन् । त्यस काँपिइरहेका ठाउँहरूमा मैले खोजेर पनि मलाई निर्भय स्थान प्राप्त भएन । अन्ततः सारा मानिसहरू एक अरूको विरुद्धमा उभिइरहेको देखेर मलाई उदेक लाग्यो ।"[१९]

सिद्धार्थले आखिर आफै गृहत्याग गर्नुभयो । ब्राह्मण-यज्ञ र ब्रह्मजालको बीचमा अर्को क्षेत्रीय पुरुषार्थ जागृत भयो । आफ्नो गृहत्यागको संस्मरण सुनाउदै भगवान बुद्ध भिक्षुहरूलाई भन्नु हुन्छ——

"भिक्षुहरू ! जब म युवक नै थिएं । मेरो एउटा कपाल सम्म पनि फुलेको थिएन–म पूर्ण युवावस्थामा नै थिएं--मेरो आमा बुबा मलाई अनुमति दिदैन थिए । अश्रु प्रवाहबाट उनीहरूको चेहरा भिजेको थियो, तिनीहरू बराबर रोइरहेका थिए, तर पनि मैले कपाल खौरेर काषाय वस्त्रबाट शरीर ढाकेर घरबाट निस्केर अनागारिक भएँ । सत्य र शान्तिको खोजीको यात्रामा निस्कें ।"[२०]

भगवान बुद्धले बोधिज्ञान पाउनु भयो । त्यो प्रतीत्य-समुत्पाद ज्ञान हो । भोग बिलास थुप्रै भएका सुखी सम्पन्न

Downloaded from http://dhamma.digital

स्थितिका राजा, पुरोहित र महाजन वर्गको अल्पसंख्यक जनसमूह, देह-दण्ड र नाना दृष्टिजालमा अलमलिएका तापस र श्रमण वर्गको अल्पसंख्यक जनसमूह अनि दुःखित पीडित र गरीब—अशिक्षित, अनधिकृत स्तरका बहुसंख्यक जनसमुह नै बुद्धकालीन जन-समाज थियो। यस समाजका लागि के गर्नु परेको थियो, यही कुराको आधार संकेत बुद्धको पहिलो उपदेश हो।

## बुद्धको पहिलो सन्देश

"भिक्षुगण! प्रव्रजित भैरहेकाहरूले दुई अन्तहरूलाई त्याग्नु पर्दछ। ती दुई अन्तहरू के के हुन्? ती दुई अन्तहरू हुन्, पंचकाममा आशक्त भई रहनु र शरीरलाई अति कष्ट दिई हठचर्या गर्नु। यी दुबै अन्तहरू हीन, ग्राम्य, अनार्य तथा अनर्थकर छन्। भिक्षुगण! यी दुबै अन्तहरूलाई छाडेर तथागतले मध्यममार्ग अर्थात् बीचको बाटोको ज्ञान स्वयं बोध गराईसक्नु भएको छ। यो मध्यममार्ग आँखा खोलि दिने, ज्ञान दिने, उपशम गरि दिने, अभिज्ञानको लागि, सम्बोधिको लागि र निर्वाणको लागि हुन्छ।

मध्यममार्ग भनेको के हो?

यो अष्टांग मार्ग हो।

सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि।

Downloaded from http://dhamma.digital

भिक्षुहरू ! यो दुःख सत्य हो । जन्मनु, वृद्ध हुनु, मर्नु, शोक गर्नु, रूनु, पीडित हुनु, चिन्तित हुनु, हैरान हुनु, अप्रिय संयोग हुनु, प्रिय वियोग हुनु, इच्छा गरेको प्राप्त नहुनु, यी सबै दुःखै दुःखहरू हुन् । संक्षेपमा भन्ने हो भन्ने पाँच उपादन स्कन्धहरू नै दुःख हुन् ।

भिक्षुहरू ! यो दुःख समुदय आर्यसत्य हो ।

पुनर्जन्मको तृष्णा, जन्म लिने आशाको तृष्णा, जन्म लिइएको मज्जा आनन्द हुने तृष्णा, काम तृष्णा, भव तृष्णा र विभव तृष्णा नै दुःख समुदय सत्य हो ।

भिक्षुहरू ! यो दुःख निरोध आर्यसत्य हो ।

काम तृष्णा, भव तृष्णा र विभव तृष्णाको विनाश, विराग, निरोध, त्याग, प्रतिनिःसर्ग र मुक्ति तथा यसका लागि अनालय अपमाद यही दुःख निरोध आर्यसत्य हो ।

भिक्षुहरू ! यो दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य हो ।

दुःख निरोध गामिनी प्रतिपदा मार्ग हुन् :– सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि ।

भिक्षुहरू ! यी दुःख आर्यसत्यहरू हुन् भन्ने मलाई पहिले थाहा थिएन, अब मलाई यसमा चक्षुज्ञान, प्रज्ञा, विद्या र आलोक प्राप्त भएको छ । यो दुःख आर्यसत्यको ज्ञान प्राप्त गर्नु पर्ने हो भन्ने कुरा मैले पहिले सुनेको थिईन । यो दुःख आर्य

Downloaded from http://dhamma.digital

सत्यको ज्ञान प्राप्त गर्नु पर्ने हो भन्ने कुरा राम्ररी अवबोध पनि गरिसकेकोछु । अब यसमा मलाई चक्षु, ज्ञान, प्रज्ञा प्राप्त भइसकेको छ ।

भिक्षुहरू ! यो दु:ख समुदय आर्यसत्य हो, यो दु:ख निरोध आर्यसत्य हो, यो दु:ख निरोध गामिनी पतिपदा आर्यसत्य हो भन्ने कुरा मैले पहिले सुनेको थिईन, अब मलाई यस विषयमा चक्षु, ज्ञान, प्रज्ञा प्राप्त भएकोछ । यो अभ्यास गर्नु पर्ने कुरा हो भन्ने मैले पहिले सुनेको थिईन । अब मलाई यसमा चक्षु, ज्ञान, प्रज्ञा प्राप्त भएकोछ । यो अभ्यास गर्नु पर्ने विषय सुनेको थिईन । अब मलाई यसमा चक्षु, ज्ञान, प्रज्ञा प्राप्त भएकोछ । यो अभ्यास गर्नु पर्ने विषय हो भन्ने जानी राम्ररी अभ्यास पनि गरिसकेको छु । अब यस विषयमा मलाई चक्षु, ज्ञान, प्रज्ञा, बिद्या र आलोक प्राप्त भएकोछ ।

भिक्षुहरू ! जुन बेला सम्म यी चार आर्यसत्य ज्ञानहरू प्रत्येक सत्य तीन तीनको प्रकारान्त भेदहरू अनुसार जम्मा बाह्र प्रकारका ज्ञानहरू परिशुद्ध हुने गरी यथार्थ रूपमा मलाई अवबोध भएन । त्यस बेला सम्म मैले देव सहित मनुष्यलोकमा कसैलाई पनि म अनुत्तर सम्यक् सम्बुद्ध हूं भनी भनिन । जुन दिन यो चतुआर्यसत्य ज्ञान बाह्रै प्रकारले परिशुद्ध भई यथार्थ रूपमा मलाई अवबोध भयो, त्यसै दिन देखि मात्रै मैले देव सहित मनुष्य लोकमा 'म अनुत्तर सम्यक् सम्बुद्ध हूं, यो मेरो अन्तिम जन्म हो, अब म संसार चक्रबाट मुक्त भैसकें' भनी निश्चित रूपमा प्रकाश गरें ।"[२१]

Downloaded from http://dhamma.digital

## प्रतीत्य समुत्पाद

बुद्धको प्रतीत्य समुत्पाद हेतुवादको दर्शन हो । यसै प्रतीत्य समुत्पाद प्रतिवेद नगरेकोले नै जनता उल्झेको धागो, गांठो परेको डोरी जस्तो स्थितिमा परेर संसारबाट पार हुन नसकेको हो । मानिसलाई मन नपर्ने जरामरण, शोक, दुःखादि सहितका सकारण हुन्छन् र त्यो हेतु कारण अन्ततः जन्म हो, अनि जन्मको कारण भव, भवको कारण उपादान, उपादानको तृष्णा, तृष्णाको कारण वेदना, वेदनाको कारण स्पर्श, स्पर्शको कारण विज्ञान, विज्ञानको कारण नाम रूप हो ।[२२] नाम रूपको क्रिया नै प्रज्ञाद्वारा अविद्या हटाई संस्कार-रहित रूपमा गर्नु[२३] पर्दछ ।

यावत् सुख दुःखका कारण जान्न, सुखशान्तिको निमित्त कुशल कार्य गर्न, कर्मठ बन्न, अरू निस्क्रीय अपौरुषिय दर्शन जालमा नफस्न यो एक सरल वैज्ञानिक हेतुवाद हो । यो भएर यो हुन्छ, यो नभए यो हुदैन । जगत, समाज र मनुष्य स्वयं हेतु र कारणको प्रतिफल श्रृंखला हो र क्षण क्षण अनित्य छ, परिवर्तनशील छ । परिवर्तनशील प्रवाहलाई सधैं बहुजन हित र सुख कारक बनाउन काय, वाक र चित्त शुद्धिको काम गर्नु पर्दछ । यसको लागि आधार शील, समाधि र प्रज्ञा हो ।

यसै कारण बुद्ध धर्ममा सर्व शक्तिमान आत्मा रहेन । विद्वान डा० मललशेकरज्यू भन्नु हुन्छ, संस्कृत शब्द "आत्मा", जसको समानार्थ शब्द पालीमा "अत्ता" हो, प्राचीन

Downloaded from http://dhamma.digital

कालमा वैदिक ऋचाहरूमा पाइन्छन् ता पनि यसको व्यूत्पत्ति र तात्पर्य बारेमा अझ स्पष्टता छैन । कहिले काहीं यस शब्द-लाई "श्वास" को अर्थमा लिइन्छ, तर श्वास जीवनको संचेतना (Sense) मात्र हो । वर्तमान सन्दर्भमा वा प्रयोगमा "आफु" वा "आत्मा" के लाई कहलाउन सकिन्छ ? ··· चल र अचल सब वस्तुहरूको केन्द्र सूर्यलाई आत्मा मानिन्छ र सोम रसलाई आत्मा पनि भन्दछन् । यो आत्मा केही यस्तो थियो जुन शरीरबाट अलग्गिएर जान सक्थ्यो र पुनः प्रवेश गर्न सक्थ्यो ।

आत्मीय सिद्धान्तहरूको प्रतिकूलतामा बौद्ध-विचारमा दुई मतहरु छन् । पहिलो सिद्धान्त अनुसार बुद्ध व्यक्तित्वको विभिन्न अवस्थाहरू लिनुहुन्छ र ती सबै आत्माको अर्थसंग असमान छन् । तसर्थ भौतिक शरीर अनित्य छ । दुःख र सुख अनित्यमय र परिवर्तनशील छन् । यस सन्दर्भमा "मन, म हूँ, यो मेरो आत्मा हो" भनि विचार गर्नु ठीक छैन । प्रतिसमभिधग मार्ग अनुसार 'रूप' आदि अनित्य र अनात्मामय छन् । यी सारहीन छन् ।

बुद्धको दोस्रो तर्क हो नित्य आत्माको विश्वासबाट नैतिक जीवनको महत्तालाई नै अस्तित्वहीन गर्ने छ । भगवान बुद्धबाट बुद्धत्व प्राप्त गर्नु भएपछिको उहाँको पहिलो धार्मिक छलफल धर्मचक्र प्रवर्तन सूत्र र अनत्तलक्खण सूत्रमा 'अनात्ता' को विशेषता बारे वर्णन गरिएको छ ।

Downloaded from http://dhamma.digital

## बुद्धको सदाचार शिक्षा

बुद्ध भन्नु हुन्छ, "चुन्द, ! अरू मार्नेहरू मारून । तर हामी यहां अहिसक बन्न यस्तो व्रत लिनु पर्दछ । · · · हामी चोरी गर्दैनौं, हामी व्यभिचारी बन्न यस्तो व्रत लिनु पर्दछ ।"[२४] किनभने प्राणातिपात, अदत्तादान, कामेसुमिच्छाचार, मूषावाचा पिशुनवाचा, फरुषवाचा, सम्फलाप, अविद्या, व्यापाद (प्रति हिंसा) र मिथ्यादिट्ठि अकुशल हुन् ।[२५]

बुद्धको यो सदाचारको शिक्षा "एहिपस्सिको" "आउ, आएर हेर" भन्ने आह्वान सहितको र सबैको लागिको शिक्षा हो । विना जातिभेद, वर्गभेद, लिंगभेद गरी यस शिक्षाको अवसर त्यस समाजको लागि ठूलो देन र तत्कालीन धर्म मर्यादा क्रमको लागि ठूलो चुनौति थियो । अस्सलायन जस्ता कतिले बुद्ध कहां आएर यसरी सबैलाई धर्ममा समान अधिकार दिइएकोमा गुनासो सुनाउन आएका थिए ।

बुद्ध देह दाह र देह दण्ड जस्ता "अत्तन्तप" चोरि बलि जस्ता "परन्तप", हिंसायुक्त यज्ञ जस्ता "अत्तन्तप र परन्तप" धर्म भन्दा मैत्री र करुणाधारको "अत्त अंतप र परिअंतप" धर्म स्वीकार गर्न सल्लाह दिनु हुन्छ ।[२६]

## संघ स्थापना

यो समाज सुधारको, धार्मिक र सांस्कृतिक क्रान्तिको बहुजनलाई समान अधिकार दिलाइ क्रियाशील बनाउने मनोबल उठाउने कार्य राजनैतिक रूपमा गर्नु सजिलो कुरा थिएन ।

Downloaded from http://dhamma.digital

बुद्धले यो कार्य स्वयं अनेक प्रहारहरू सहदै गर्नु भयो । युद्ध क्षेत्रमा हात्ति वाणको प्रहार सहेर पनि अगाडी बढे फैं बुद्ध अगाडी बढ्नु भयो । साथै यसका लागि एक संघको संस्थापन गर्नु भयो ।

बुद्ध आफ्नो व्यक्तित्व संघको समस्तिमा बिलीन मान्नु हुन्छ । प्रजापती गौतमीलाई बुद्धले भन्नु भएको थियो, संघलाई दान गर । संघलाई दान दिए म पनि पूजित हुने छु संघ पनि पूजित हुनेछ । संघको स्वामित्व कुनै भिक्षुमा नदिइकन बुद्धको महापरिनिर्वाण हुन लाग्यो भन्ने विचार गरेका आनन्द-लाई वहाँले भन्नु भयो– "मैले संघ धारण गरेको छैन ।" वास्तवमा धर्म र विनय नै संघको आधार भएकै कारण बुद्धको भिक्षु संघ आज सम्म जीवित परम्परा रूपमा कायम रह्यो । अन्यथा एक राजवंश पछि अर्को राजवंश लोप भए जस्तै बुद्धको भिक्षु संघको दशा पनि यस्तै भइसक्थ्यो होला । शील सदाचार सबैको लागि हो र यसमा जो सुकैले पनि सहयोग गर्न सक्दछन् तर कोही व्यक्ति यो सिद्धान्त भन्दा माथि हुदैन । यो बुद्धवाद मानव-समाजका लागि अक्षय निधि हो ।

बुद्धको भिक्षु संघको संगठन स्वरुपमा भिक्षुहरू मात्रै सीमित छैन । भिक्षुणीहरूको पनि स्वतन्त्र संगठन छ । गृह-विनयको आदर्श उपासक उपासिका संगठनका लागि आधार हुन् । भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरूको संयुक्त शक्ति विना बुद्ध-शासन रहने छैन– यही बौद्ध समाजको आधार हो ।

Downloaded from http://dhamma.digital

भगवान बुद्धले भिक्षु संघको संगठन सारै सरल पद्धतिबाट प्रारम्भ गर्नु भएको थियो । कपिलवस्तुका पाँच तरुण-तपस्वीहरूको संगठनबाट शुरु भएको भिक्षुसंघमा केही हप्तामा नै थुप्रै भिक्षुहरू भए । जब ६१ जना भिक्षुहरू भए बुद्धले दूरगामी प्रभावशाली प्रचार कार्य शुरु गर्न उचित अवसर ठान्नु भयो । यस अभियानको प्रारम्भमा बुद्धले जुन मार्ग र नीति निर्देशन गर्नु भयो, त्यो कुरा हाम्रो यस रचनाको प्रारम्भ अंश हो ।

बुद्धको भिक्षुसंघमा संघ संस्थापनको केही महीना पछि नै वेदज्ञ ब्राह्मणहरू पनि सम्मिलित भए । नदी काश्यप, गया काश्यप र उरुवेल काश्यप जस्ता जटिलहरू भिक्षुसंघमा आए । अघि अघि यस संघ संगठनलाई कुल उजाड पार्ने भन्ने लांछना लगाएता पनि पछि स्वयं शुद्धोदनले लोक हित र सुख कार्यका लागि कपिलवस्तुमा शाक्य युवकहरूलाई संघमा भिक्षु हुन जान सल्लाह दिए । अनि कपिलवस्तुमा यस्तो पनि स्थिति आयो, यदि कुनै घरबाट कोही एक भिक्षु भएन भन्ने त्यो कुल प्रतिष्ठाको लागि कलंक मानिन्थ्यो ।

भिक्षु संघको संगठन र सामाजिक मानसमा परिवर्तन आए पछि अब यज्ञमा हुने खर्च संघ पोषण र विहार निर्माण-तिर प्रवाहित हुन थाल्यो । वास्तवमा यज्ञको विपुल खर्च संघाराम तिर उन्मुख भएकै परिणाम स्वरुप पछिल्ला युगमा स्तूप, मूर्ति, चित्र र वाङ्मयको विकास हुन सक्यो । अन्यथा यावत एशियाइ जनको श्रद्धा दान, श्रद्धा सम्पदा अग्निमा स्वाहा

Downloaded from http://dhamma.digital

भइ नै रहन्थ्यो होला । आजको हाम्रो संसारलाई कति पछाडी सम्मको युग बारेमा केही कुराको यथार्थ ज्ञान दिने सांस्कृतिक निधिको नामोनिशान नभएको बुद्धकालीन पूर्वको जस्तो अन्धकारको युग बन्थ्यो होला– हामीलाई थाहा छैन ।

## करुणा पूर्ण सुधार शैली

बुद्धको समाज सुधार शैली हृदय परिवर्तन गर्ने प्रकारको थियो । यसका लागि प्रथमतः मनका अज्ञान, अविद्या र अंधकार हटाउनु पर्दछ । बुद्ध सरल शैलीमा, पात्रानुकूल उपमा सहित सोझो जनभाषामा उपदेश गर्नु हुन्थ्यो । उपालि अनेक पूर्व तयारीका साथ बुद्ध कहाँ तर्क गर्न आए । बुद्धले सहज प्रश्नोत्तर शैलीमा देहदण्डबाद भन्दा कर्मवाद ठूलो भएको कुरा सम्झाउनु भयो । श्रद्धा विभोर भएर उपालिले बुद्धलाई पिण्डदान ग्रहण गर्न आग्रह गरे । बुद्धले भन्नुभयो– "उपालि ! तिम्रो दीर्घकाल देखिको सम्बन्ध भएकाहरू तिर पनि बिचार गर ।" बुद्धले फेरी भन्नु भयो– "आफ्ना पूर्व आचार्यहरूको भिक्षादान तुरन्त रोक्नु उचित छैन ।" यस्ता उदार कुराहरूबाट उपालि झन श्रद्धा विभोर भए । तर उता उसको आचार्य अर्को दिन आएर उपालिलाई भन्छन– "ग्रहपति, तिमीमा श्रमण गौतमको आवर्तनी माया पर्‍यो । तिमीले श्रमण गौतमको आबर्तनी मायाबाट प्रभादित भईकन आफ्नो मत परिवर्तन गर्‍यौं ।" तर उपालिलाई थाहा थियो कि कसरी उसको हृदय परिवर्तन भएको थियो । तर पनि आफ्ना पूर्व

Downloaded from http://dhamma.digital

आचार्य सँग लामो जिरह नगरी उपालिले बडो सरल भाषामा आफ्नो मनको कुरा मृदु शैलीमा भने– "भलो नै छ, त्यो आवर्तनी माया ! कल्याणी छ भन्ते, त्यो आवर्तनी माया ! मेरा प्रिय जाति भाई बहिनीहरूमा यावत ब्राह्मण, वैश्य, शुद्रादी सबैमा पनि यही आवर्तनी माया परे तिनीहरूको दीर्घकाल सम्म हित र सुख हुन्थ्यो ।[२७]

यही हो, महाकारुणिक तथागतको समाज सुधार शैली । हिंसाको ठाउँमा अहिंसा, हिंसायुक्त यज्ञको ठाउँमा परिशुद्ध, शान्त र ऋजु चित्त, जन्मजः उच्चनीय भावनाको ठाउँमा समानता र भ्रातृत्व, दर्शनजालको ठाउँमा प्रतीत्य समुत्पाद, अमर सत्ताको ठाउँमा आफ्नो दिया आफैं बनेर बुझ्ने अनात्म–दर्शन, वन पर्वत र रुखको शरणको ठाउँमा स्वावलम्वन, विलासी जीवनको ठाउँमा त्याग, आत्मतृप्तिको ठाउँमा शील, इर्ष्या, दाह, मान र मोह आदि खराव प्रवृत्तिको ठाउँमा समाधि र प्रज्ञा दिएता पनि समाजमा किंचित बल प्रयोग बुद्धले गर्नु भएन । तथागतको यही शैलीको वरदान हो, तलवार, धन र कानूनको प्रश्रयमा बुद्ध धर्मको प्रचार गर्नु परेन र एक थोपा रगत बुद्ध-धर्मको नाउँमा चुहाउनु परेन ।

बुद्धको समयको समाज, बुद्धद्वारा त्यस समाजमा गर्नु भएको सुधारको चर्चा पछि पछिल्ला युगको समाजको केही ऐतिहासिक घटनाहरूको विवेचना गर्नु अनावश्यक हुने छैन, जुन समाजमा बुद्धको शिक्षाले प्रभाव पारेको छ ।

Downloaded from http://dhamma.digital

बुद्धको महापरिनिर्वाण पछि मौर्य राजा अशोकलाई हामी याद गर्दछौं। किनभने राजगृहको प्रथम संगायनमा बुद्ध वचनको संकलन र संघ व्यवस्थामा केही काम भएता पनि, वैशालीमा दोश्रो संगायनमा विनय सुधिकरण जस्ता महत्त्वपूर्ण कार्यहरू भएता पनि व्यापक रूपमा मानव–समाज संगठन, प्रशिक्षण, व्यवस्थापन गरी तिनिहरू सुखी गर्न त्यति दूरगामी, प्रभावशाली थिएन जस्तो कि अशोकको प्रयत्न थियो।

डेढलाख मानिस युद्ध बन्दी बनाइएको, एक लाख मानिस मारिइएको यस भन्दा बढता (महामारी आदिबाट) मरेको कलिंग युद्धबाट अशोकलाई धेरै दुःख र पश्चाताप भयो। अशोकले सबै प्राणीहरूको अहिंसा, संयम र सबै संग समान व्यवहारको तथा विनम्रताको शिक्षा अपनाउन थाले। अशोकले होम र समाज (मेला, उत्सव) मा पशुबलि नगर्ने आग्रह मात्र गरेनन स्वयं आफ्नो पाकशालामा कैयौं हजार जीवको सूप बनाउने ठाउँमा दुई मयूरहरू र एउटा मृग मात्र मार्न लागेको अनि भविष्यमा तिनीहरू पनि नमार्ने घोषणा गरेका थिए।[२८] शिकारको ठाउँमा अशोकले धर्मयात्रा गर्न लागे। युद्धभेरीको ठाउँमा "धम्मनाद" घोषणा गरे। अप्रमाद पूर्वक दुनियाको दुःख दर्द सुन्न थाले। मनुष्यमा संयम, भाव-शुद्धि, कृतज्ञता र दृढता छैन भने थुप्रै दानवस्तु दिन पनि निरर्थक मान्न लागे।

अशोकले स्तूप र विहार मात्र बनाएनन अपितु मानिसको बसोवासको लागि नयाँ नयाँ नगरहरू पनि बसाले

Downloaded from http://dhamma.digital

चन्द्रगुप्त मौर्यद्वारा सिंचाइको निम्ति शुरू गरिएको अर्जेमत पर्वतबाट निसृत हुने सुवर्ण सिकता र पलाशिनी जस्तो जलधारा बाधेर 'सुदर्शन ताल' बनाए। अशोक भन्छन्– मैले मानिस र पशुहरूको निमित्त छाया पाइयोस् भन्ने विचारले वृट–वृक्ष रोपें, मैले आम्र–कुञ्ज बनाएं, आधा आधा कोसको दूरीमा मैले ईनार खन्न लगाएं, विश्राम–गृह बनाएं र ठाउँ ठाउँमा मानिस र पशुहरूको उपभोगको लागि खान पिउन पाउने ठाउँ बनाएं। तर यो वास्तवमा उपकार केही पनि होइन। अघिका राजाहरूबाट र मैले मानिसहरूको विभिन्न किसिमको सुख सुविधाको लागि यो गरेको छुँ। तर मेरो यो (विशेष अवस्था) को उद्देश्य मानिस धर्मानुसार आचरण गर्न सकोस भन्ने हो (भन्ने हेतुको छ)।[२९] अशोकको यो धर्म आमा बाबुको सेवा, प्राणीहरू प्रति आदर प्रेमभाव, सत्य वचन हो। अशोक आफ्ना अविजित राज्यहरू प्रति सद्भावना मात्र प्रकट गर्दैन अपितु आफ्ना धर्म–सन्देश त्यहाँ पनि पुगोस् भन्ने सद्आकांक्षा गरी धर्म–प्रचारकहरू धार्मिक शैलीबाट पठाउनु भएको थियो। महावंशमा वर्णित अशोकको "धर्मदूत" पठाउने कार्यको समर्थन अशोकको तेह्रौ शिलालेखले पनि गरेको छ। अशोकले (१) मौर्य राज्य अन्तरगतका विभिन्न प्रदेशहरूमा, (२) राज्यको सीमान्त प्रदेश र सीमामा भएका यवन, काम्बोज, गान्धार, राष्ट्रिक, पिकनिक, भोज, आन्ध्र, पुलिन्द जातिहरूको देशमा, (३) राज्यको अति अविकसित (जंगली) जातिहरूको प्रान्तमा, (४) दक्षिण स्थित केरलपुत्र,

Downloaded from http://dhamma.digital

सत्यपुत्र, चोल र पाण्डय जस्ता स्वाधीन राज्यहरूमा, (५) सिंहल द्वीपमा (६) पाँच ग्रीक शासित राज्यहरूमा अर्थात अन्तियोक (ANTIOCHOS II, B.C. 261-246) शासित सीरिया (SYRIA) तुरमाय (PTOLOMY PHILADE-LPHOS, B.C.235-247) शासित मिश्र (इजिप्ट) (EGYPT) नागम (MAGAS, B.C. 285-258) शासित साइरानीमा, अन्तिकिनि (ANTIGONOSGONATAS, B.C. 277-239) शासित मेसिडोनिया (MACEDONIA) मा र अलिकजेन्दर (ALEXANDER B.C. 272 258) शासित एपिरस (EPIRUS) मा पनि आफ्ना शान्ति–सन्देश प्रचारार्थ धर्मदूत मण्डल पठाउनु भयो।[30] अरू यस्ता धर्मदूत मण्डलका प्रचारकहरूको अस्थिपूजा गरेर सम्मान समेत अभिव्यक्त गरिएको कुरा पुरातात्त्विक उत्खननबाट प्रमाणित भएको छ।[31]

वास्तवमा मगधराजा बिम्बिसार (पछि अजातशत्रु), कोशलराजा प्रसेनजित, स्वयं शुद्धोदन महाराज जस्ता अनेक राजाहरू बुद्धका परम भक्त भएका थिए ता पनि उनीहरूबाट कानूनी आधारमा जन समाजलाई दान, शील, भावना अनिवार्य रूपमा पालन गर्न लगाएन। किनभने धर्म स्वयं हृदयबाट स्वीकार गर्ने विषय हो, कसैले कसैलाई स्वीकार गर्न लगाउने विषय होइन।

वास्तवमा अशोकको प्रयत्नबाट धर्म वाह्य आडम्बर होइन बरू सदाचार र पवित्रता, प्रेम र भातृत्व, सुव्यवस्था र

Downloaded from http://dhamma.digital

शान्ति, समानता र स्वतन्त्रता हो भन्ने कुरा नेपाली र भारतीय समाजमा मात्रै होइन एशियाका धेरै मूलुकहरूमा र सुदूर अन्यदेशहरूमा पनि जग हाल्न सक्यो । समुद्रगुप्त र पुष्यगुप्तले पुनः अश्वमेध यज्ञ गरेता पनि त्यो धार्मिक प्रतिगामी प्रतिक्रान्ति र हिंसात्मक साम्राज्य विस्तार मात्र भएर समाजबाट प्राप्त विषय बन्न सकेन । यसको विपरित नयाँ उपनिषदको निर्माण वा उपनिषदको संबर्द्धनमा उपरोक्त सदाचार विचार शुद्धिको कुरा देखा पऱ्यो । सदाचार शिक्षा यसरी अन्यधर्ममा पनि हराभरा हुनु नै वास्तवमा बुद्धको समाजको लागि अर्को ठूलो देन हो ।

## धार्मिक स्वतन्त्रता

एक विचारणीय कुरा हो, अशोकले धेरै धर्म अभिलेखहरू स्थापना गरे । तर कतै पनि अष्टांग मार्ग, प्रतीत्य समुत्पाद, अनात्मवाद जस्ता कुराहरूको केही संकेत सम्म पनि छैन । यस्तो किन ? अशोक बौद्ध संघगत थिए । तर पनि उनी राजकीय स्तरमा सबै धर्महरू मान्य हुन सक्ने वा सबै धर्महरूको सम्प्रदायमा व्यापक गर्नु पर्ने प्रेम, मैत्री, करूणा, भातृत्व र शान्ति प्रतिको मानव समाज संग सोझा सम्बन्ध भएको कुरा मात्र प्रचार गर्न चाहन्थ्थे । यस प्रसंगमा यो टिप्पणी साह्रै महत्त्वपूर्ण छ––

It appears that India owes to Asoka, the ideas of welfare state as well as the state of a

Downloaded from http://dhamma.digital

secular state, secular in the sense not of a state without any religion, but in the sense that political administration of a state should be free, as far as possible, from sectories principles and must respect the truely religious sentiments of different votaries that dwell in a particular state.[३१]

## भ्रातृत्व र सहजीवन

बुद्धको शान्तिको सन्देश कै प्रभाव हो, आर्य र म्लेक्ष भनिनेहरूको बीचमा सहिष्णुता कायम भईकन भ्रातृत्वपूर्ण सहजीवन सम्भव बनाइयो। सर्वस्वाहा नभए सम्म लडिरहने स्थितिबाट जनसमाजलाई बचाईदियो। दुई भिन्न सभ्यता र संस्कृतिको समन्वयबाट पारस्परिक समाज लाभान्वित हुन पायो। कनिष्क स्वयंले कैयौं अलिपिवद्ध सूत्र र अभिधर्म लिपिवद्ध गराए र लिपिवद्ध धर्म संशोधन गराए।[३२] स्थापत्य कला र मूर्तिकलामा विस्तार पाए।

गुप्तकालीन समाजलाई बुद्धधर्मले असंग, बसुबन्धु र दिङ्गनाग मात्र अध्ययन गराएन, सारनाथको प्रसिद्ध धर्मचक्र मुद्राको बुद्धमूर्ति, मथुरा संग्रहालयस्थित अलौकिक अभिलक्षण-युक्त बुद्ध मूर्ति जस्ता अनेक मूर्तिहरू दर्शन गराए, अजन्ताको गुफामा स्थापत्य कला र चित्रकला सिकाए। यस युगमा वर्णाश्रम धर्मले टाउको उठाउने गरेता पनि फाहियानको उल्लेख अनुसार हजारौं हीनयानी र महायानी भिक्षुहरू

Downloaded from http://dhamma.digital

अध्ययन अध्यापनमा तल्लीन जनताको औषधि उपचारमा व्यस्त थिए ।

वर्द्धन युगमा पनि साहित्य, कला र विज्ञानको उन्नति भएको थियो । तर यसै बेला समाजमा पुनः अर्को रोग लाग्न थाल्यो । रानी यशोमती आफ्ना पति प्रभाकर वर्द्धनसंग सति गइन । राज्यश्रीलाई चाहिं सती हुनुबाट बचाए पछि भिक्षुणी बनिन् । नेपालमा पनि सती प्रथा शुरू हुन लागेको थियो तर लामो युग सम्म समाजमा सति प्रथा रोक्ने काम बौद्ध प्रभावबाट भएको देखिन्छ ।

राज्यवर्द्धन बौद्ध भए ।[३३] हर्षवर्द्धन शुरुमा बुद्ध, शिव र सूर्य भक्त भएता पनि पछि उनले ह्वेनसांगको प्रभावमा परेर बौद्ध विद्वानहरूलाई ठूलो प्रोत्साहन दिए । हर्षको कन्नौज सभा र प्रयाग सभाबाट त्यसबेलाको जनसमाजलाई अवश्य पनि घेरै विद्यानुरागी बनाइयो होला । चीन जस्ता दूर देशबाट नालन्दामा विद्या कौशल सिक्न मानिस आउन थाले । फर्केर गईकन तिनोहरूले आ-आफ्ना देशमा जनसमाजको ठूलो सेवा गरे । तर यस बेला सम्म बौद्धहरू संग्रहशील भई सकेका थिए—जस्का लागि बुद्धले ब्राह्मणहरूको आलोचना गर्नु भएको थियो । इत्सिङ्गको उल्लेख अनुसार १/६ भाग खेति उपज संघले लिन थालेको देखिन्छ । त्यस कारण भिक्षुहरूबाट जनमानसमा भिजिने प्रकारको सेवाकार्य हुन गएको थियो । पाल युगमा विक्रमशील विद्यालय, ओदान्तपुरी विहार तारानाथको शब्दमा धर्मपाल एक्लैले बनाइएको ५०

Downloaded from http://dhamma.digital

विभिन्न बौद्ध विद्यालयहरूबाट शिक्षा र कलाको क्षेत्रमा जन समाज अग्रसर तुल्याएको देखिन्छ। नीच जाति मानिएका कैयौं व्यक्तिहरू सिद्ध भए।

बिद्या, कला र औषधिको कार्यमा समाजको कल्याण गरेता पनि अन्तरराष्ट्रिय भाईचारा सम्बन्ध बढाइ दिएता पनि भिक्षा मागिकन गाउँ गाउँ घुमीकन गएको युगमा जस्तो जन-समाजमा चेतना फैलाउने काममा बौद्धहरू पछि पर्दै गए। राष्टकूट युगमा बौद्धहरू कन्हेरीमा सीमित भए। उता वर्णाश्रम धर्म पुनः उठ्नथाल्यो। मार्को पोलोले देखेको सती प्रथा सम्भ्रान्त वर्गमा सवर्ण समाजमा बढ्दै गयो। तर पनि यसको खरावीलाई सचेत मानव समाजले कहिले स्वीकार गरेनन्। आधुनिक भारतमा जब पुनः चेतना आयो, बुद्धको उपदेशले प्रभाव पार्‍यो। रबीन्द्रनाथ टैगोर, आशुतोष मुकर्जी, महात्मा गांधी, जवाहरलाल नेहरूले समाजको पुनर्गठनका लागि बुद्धको उपदेश प्रभावशाली भएको मानेका छन। [33]

बुद्धको उपदेशबाट लंका, बर्मा, थाइलैण्ड, काम्बोडिया, लाओस, भियतनाम, कोरिया, चीन, जापान, ईण्डोनेशिया, बंगलादेश, पाकिस्तान, अफगानिस्तान, मंगोलिया, इरान आदि देशहरूको जन समाजमा सुधारका लागि के कति काम गरे यो कुरा केही शब्द र समयमा व्यक्त गर्न सकिने होइन। तर मलाई लाग्छ, यी स्थानहरूमा बौद्ध प्रयास कुन अर्थमा चिरस्थायी रह्यो जब कि नेपाल र भारतमा जस्तो पुनः

Downloaded from http://dhamma.digital

न्यातिवाद उच्चवर्णको वर्गीय स्वार्थ र शोषण पुनर्जीवित हुन पाएन । यी देशहरूमा व्याप्त हजारौं हजार पुस्तकहरू मूर्तिहरू, स्मारकहरू, गुफाहरू, चित्रहरू समाज सुधार र सेवाका जीवित प्रमाण चिन्हहरू मात्र होइनन्, अपितु तिनीहरूको भाषा, रहन सहन, रीति-स्थितिमा समेत छाइरहेको भ्रातृत्वभाव एक्यानुभाव वास्तवमा बौद्ध समाज संरचनाको रक्त संचार हो ।

एशियाइ सभ्यताको एकता र संस्कृतिको समानताबाट आज जुन हाम्रो वर्तमान विश्वको मानव समाजमा मैत्री र भ्रातृत्व भावना विद्यमान छ, त्यो बुद्धको सम्यक् प्रयत्नको वीजारोपणको विशाल वटवृक्ष रूप हो । यस बिश्वको जन समाजको जुन सुख शान्तिको चाहना छ, बांच र बांच्न देउको ममता छ, त्यो बुद्धको चामर र क्षमताको चक्रबाट अलंकृत वरद हस्तको देन हो ।

Downloaded from http://dhamma.digital

# ग्रन्थ–सन्दर्भ


१ महावग्ग, विनय पिटक, सिरि नवनालंदा प्रकाशन, (बिहार राजकीयेन पालि पकासमण्डलेन प्रकासिता) बु. सं. २५००, पृष्ठ २३

२. पब्बज्जासुत्त, सु. नि. पृ. ३३०, धम्मचेतिय सुत्त, म. नि. (२) पृष्ठ ३७१, सिनप्र

३. दर्शन दिग्दर्शन, राहुल सांकृत्यायन, किताब महल, इलाहाबाद, १९६१, पृष्ठ ५४५–४६

४. गामणि संयुत्तं, अस्सारोह सुत्त, सं. नि. (४) पृ. २७५-७६ सिनप्र

५. कसिभारद्वाज सुत्त, खु. नि. सु. नि. पृष्ठ २८०, सिनप्र

६. बुद्धकालीन ब्राह्मण (१) भिक्षु अमृतानन्द, आ. काठमाडौं, पृष्ठ २२०

७. बुद्धकालीन ब्राह्मण (१), भिक्षु अमृतानन्द, पृष्ठ २०१

८. बुद्धकालीन भूगोल, भरतसिंह उपाध्याय, प्रयाग २००८, पृ. ५२२

९. सामञ्ञ फल सुत्त, दी नि. (१), भूमिका पृष्ठ १५, पृ. ४१ देखि, सिनप्र


Downloaded from http://dhamma.digital

१०. गगमाल जातक, संख्या ४२१, खु. नि. जातक (१) पृ. १७२, सिनप्र

११. थेरगाथा, खु. नि. थेरगाथा सं. १००२, पृष्ठ ३६७, सिनप्र

१२. ककचूपम सुत्त, काली प्रसंग, म. नि. (१) पृष्ठ १६७-१६६, सिनप्र

१३. ब्राह्मण धम्मिक सुत्त, म. नि. . . . . . . . . सिनप्र

१४. कूटदन्त सुत्त, दी. नि. (१), पृष्ठ १०६, सिनप्र

१५. धम्मपद, सहस्सवग्ग, गा. स. ६–८, सिनप्र

१६. वसलसुत्त, सु. पि., सु. नि., पृष्ठ २८७ र २६०, सिनप्र

१७. सुन्दरिक भारद्वाज सुत्त, खु नि. सु. नि., पृष्ठ ३३४-३३५, सिनप्र

१८. The questions of King Milinda, T.W. Rhy Davida, India, 1975, P. XXII

सामञ्ञफल सुत्त, दी. नि. (१), पृष्ठ ४५–५२ सिनप्र

१६. अत्तदण्ड सुत्त, खु. नि. सु. नि., पृष्ठ ४१३–४१५, सिनप्र

२०. पासरासि सुत्त, म. नि. (१) पृ. २१३, सिनप्र

२१. धम्मचक्कप्पवत्तन सुत्त, म. वग्ग, वि. पि., पृ. १३, सिनप्र

बुद्धचर्य्या, राहुल सांकृत्यायन, काशी बुद्धाब्ध २४७४, पृष्ठ २३

२२. सच्चविभंग सुत्त, म. नि. (३) पृष्ठ ३३३, सिनप्र

Downloaded from http://dhamma.digital

२३. The truth of Anatta, Dr. G.P. Mallaseker Ceylon, 1966, P. 3, 4, 8 and 10

२४. सल्लेख सुत्त, म. नि. (१) पृष्ठ ५६, सिनप्र

२५. सम्मादिट्ठि सुत्त, म. नि. (१) पृष्ठ ६३, सिनप्र

२६. कन्दरक सुत्त, म. नि. (१), पृष्ठ ३, सिनप्र

२७. उपालि सुत्त, म. नि. (२), पृष्ठ ४३, सिनप्र

२८. अशोक के धर्मलेख, सं. जनार्दन भट्ट एम. ए., काशी, भारत, संबत् १९८०, पृष्ठ १०६–१११

२९. अशोकको धर्मलेख, सं. सजनार्दन भट्ट एम. ए., काशी, संबत् १९८०, पृष्ठ ३६४–३७९

३०. अशोकको धर्मलेख, सं. जनार्दन भट्ट एम. ए., काशी, सम्बत् १९८०, पृष्ठ २४०–२६९

३१ 2500 years of Buddhism, India, May 1956, Page 53/283

३२ Aspects of Buddhism in Indian History, L. M. Joshi , Ceylon, Page 35

Downloaded from http://dhamma.digital

**अनुदित :**

(१) भारते बुद्ध–धर्मया उत्थान व पतन, (२) बौद्ध–धर्म हे मानव धर्म, (३) नेपालय् राहुल, (४) बुद्ध–धर्मया मूल सिद्धान्त, (५) स्वपु सूत्र, (६) बुद्ध–धर्मया प्यंगू मूल सिद्धान्त (७) कथिनोत्सव, (८) कपिलवस्तुया खुम्ह श्राविका व मयूजुपि

**च्वमीयागु सफू**

(१) लायकुली सिद्धार्थ (पञ्चम संस्करण), (२) लायकुलिं पिने सिद्धार्थ (पञ्चम संस्करण), (३) सिद्धार्थया बुद्धत्व-प्राप्ति (तृतीय संस्करण), (४) बहुजन हिताय बहुजन सुखाय, (५) स्वांया पुह्नी, (६) धात्थेंगु मङ्गल, (७-८) चैत्यपूजा, (भाग १/२), (९) आषाढ पुह्नी, (१०) पालि त्रिपिटक: छगू परिचय, (११-१२) बुद्धकालीन जम्बूदीप (भाग १/२), (१३) महाबुद्ध, (१४) श्रद्धाञ्जलि, (१५) बुद्ध–धर्मया विशेषता

**नाटक**

(१) अम्बपाली (द्वि. सं.), (२) राष्ट्रपाल, (३) जुजु जय-प्रकाश, (४) बिम्बिसार (द्वि. सं), (५) दबू (सम्पादित), (६) आशंका, (७) सुप्रिया, (८) प्रतिशोध (प्रेसय्)

**साहित्यिक**

लुमंके बहःपिं (भाग १)

Downloaded from http://dhamma.digital

## भिक्षु सुदर्शनद्वारा लिखित, अनुदित तथा सम्पादित धार्मिक पुस्तकहरू

### नेपाली : रचित

(१) बुद्ध र बौद्ध संस्कृति, (२) बुद्ध र बुद्ध-धर्म (संयुक्त), (३) सप्त सम्बोध्यङ्ग (संयुक्त), (४) लुम्बिनी (सयुक्त), (५) पद्मपाणि बोधिसत्त्व

### नेपाल भाषा : रचित

(१) अमृतमय मौन, (२-३) महामङ्गल (भाग१/२), (४) आयुष्मान आनन्द, (५) महासत्त्व जातक (द्वि सं.), (६) मांबौया सेवा (द्वि सं), (७) बुद्ध व बुद्ध-धर्म, (८) दश पारमिता (संयुक्त), (९) बौद्ध तीर्थ यात्रा सचित्र रिपोर्ट, (१०) महापरित्राण, (११) बौद्ध बाखं, (१२) पद्मपाणि बोधिसत्त्व, (१३) लुम्बिनी (भाग-१), (१४) चैत्यपूजा, (१५) महाबुद्ध, (१६) बुद्ध धर्म सघ, (१७) नेपालय् बुद्ध धर्म

### सम्पादित :

(१) आर्य अष्टाङ्गिक मार्ग, (२) सप्त सत्पुरुष धन, (३-६), विश्वय् बुद्ध-धर्म (भाग १, २, ३, ४), (७) सिंहसार्थबाहु व कबीर कुमारया बाखं, (८) गण महाविहार दैनिक प्रार्थना (तृ. स.), (९) शील-प्रार्थना व त्रिरत्न वन्दना (सप्तम सस्करण), (१०) बुद्ध-जीवनी (सामान्य ज्ञान १), (११-१२), बुद्ध-धर्म (सामान्य ज्ञान २-३), (१३) श्रद्धाञ्जलि

(बाकी पृष्ठ ८८ मा)

मुद्रक– शाक्य प्रेस, ओम्‌बहाल, काठमाडौं फोन– १३६०४

Downloaded from http://dhamma.digital